# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ४२, पूर्णाङ्क १८८ | २०७६ वैशाख ४ गते बुधबार | Wednesday, 17 April 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## आस्थाकै आधारमा पत्रकार र साहित्यकारको गिरफ्तारी

■ रातो खबर संवाददाता/काठमाडौं





मार्क्सवादी युवा कवि, पत्रकार एवम् संस्कृतिकर्मी रसुवाली कविलाई सशस्त्र प्रहरीले गिरफ्तार गरेको छ । कविलाई सोमबार दिउँसो काठमाडौंको बालाजुस्थित डेराबाटै गिरफ्तार गरिएको हो । उनी रातो हिमाल, रातो न्युज पत्रिकाका सम्पादकसमेत हुन् । अखिल नेपाल जनसांस्कृतिक बाँकी पृष्ठ ७ मा

# वैशाख ५ गते नेपाल बन्द गर्न नेकपाको अपिल

■ रातो खबर संवाददाता/काठमाडौं

वैशाख ५ गते बिहीबार नेपाल बन्दको आह्वान गरेको नेपाल कम्युनिस्ट पार्टीले देशभक्त, गणतन्त्रवादी र सच्चा लोकतन्त्रवादीहरूलाई बन्द सफल पार्न सहयोग गर्न अपिल गरेको छ । उक्त पार्टीको केन्द्रीय कार्यालयद्वारा प्रकाशित अपिलमा भनिएको छ, 'केपी सरकारको अति अत्याचार सहन नसकेर उसको प्रतिबन्ध, सुदर्शन कमरेडलगायतको रिहाइ, झूट्टा मुद्दा खारेजी, सारा भ्रष्टाचार, तस्करी, राष्ट्रघातका विरुद्ध बाध्य भई यही वैशाख ५ गते नेपाल बन्द गरेका छौं । उक्त दिन सबै कलकारखाना, शैक्षिक संस्था, यातायात, व्यापार व्यवसाय वन्द गरौं । अनैतिक फासिवादी सरकारलाई राजनीतिक मार्गमा तान्न प्रयत्न गरौं ।'

अपिलमा अगाडि भनिएको छ, 'अधकचल्टो क्रान्तिले केही व्यक्ति र नेताहरूलाई सत्ताभोगी लुटेरा वर्गमा पतन गरिदिन्छ । जनयुद्धलाई हामी यसबाट बचाउन चाहन्थ्यौं । अपसोच ! प्रचण्डहरूको गद्दारीले



**वैशाख ५ गते नेपाल बन्दका लागि जनताका नाममा अपिल**

**आदरणीय जनसमुदाय !**

हाम्रो पार्टीमाथि दलाल पुँजीपति वर्गको केपी वली सरकारले सारा राजनीतिक मान्यताहरूलाई कुल्चँदै प्रतिबन्ध लगाएको छ । हामीलाई जनताको बीचमा कुनै पनि राजनीतिक कार्यक्रम गर्न नदिने, आफ्ना धारणा राख्न नपाउने, पार्टी सङ्गठन सञ्चालन गर्न नपाउने भनेर राणा शासनको भन्दा पनि अराजनीतिक, हुकुमी, निरङ्कुश, फासिवादी व्यवहार गरेको छ । सुन्दा पनि अनौठो लाग्नेगरी नागरिकको राजनीतिक विचार अँगाल्न पाउने र विचार राख्न पाउने अधिकार पनि खोसेको छ । विरोध गर्ने नागरिकलाई गोली हानिएको छ । स्थायी समिति सदस्य कमरेड सुदर्शन, पीबीएम कमरेड जीवन्त, सीसीएम कमरेड प्रज्वलन र बन्धुसहित सयौँजना कमरेडलाई बन्दी बनाइएको छ । हरेक दिन सङ्कटकालमा जसरी जनताको घर फोर्ने र लुट्ने कार्य गरिएको छ । यस्तो अत्याचार र दमन त अँध्यारो मध्ययुगमा पनि सैह्य भएन भने आजको २१ औँ शताब्दी, त्यसमा पनि क्रान्ति गर्दै सचेत भएका जनताले कसरी सहने ?! अहँ यो सर्वथा अस्वीकार्य र असैह्य छ ।

हामीले देश डुबाउने एनसेललाई हान्यौँ, हाम्रो गल्ती के भयो ? आखिर सर्वोच्च अदालतले समेत एनसेलले देशलाई लुटेको निष्कर्ष दिएन त ! हामीले दिदीबहिनी, युवा बेच्ने मानवतस्करहरूलाई कारबाही गर्ने भन्यौँ, हाम्रो के गल्ती भयो ? भ्रष्टाचारीहरूलाई कारबाही गर्‍यौँ, के कमजोरी भयो ? आमा, दिदीबहिनीलाई बोक्सी भनेर चरम यातना दिने अपराधीलाई कारबाही गर्‍यौँ, के खराबी भयो ? बिनाकसुर मजदुरहरूलाई निष्कासन गर्ने मालिकलाई कारबाही गर्छौं भन्यौँ, के अपराध भयो ? यो जनताको सरकार भएको भए खुसी पो हुनुपर्ने त किन हामीलाई प्रतिबन्ध ?! के यो न्याय र सत्यलाई शुली चढाउने कार्य भएन त ! भयो ।

आदरणीय जनताहरू !

हेर्नुस् त केपी वली सरकार आएपछि कति जनघाती र राष्ट्रघाती अपराध र काण्डहरू भए ! खै सुन तस्करहरूको हिसाब, खै ठूलो जहाजकाण्डको ६ अर्ब रुपैयाँ, खै चिनी काण्डका अपराधीहरू, खै एनसेलकाण्ड रच्ने कमिसनखोरहरू, खै बूढीगण्डकीका कमिसनखोरहरू, खै निर्मलाका बलात्कारी र हत्याराहरू, खै अरुण तीन र माथिल्लो कर्णाली बेचेर खानेहरू ? खै प्रहरी प्रशासनलाई घुसखोरी, चाकरी-चाप्लुसीमा फसाएर इमानदारलाई कारबाही र ठगलाई पुरस्कृत गर्ने फटाहाहरू ? भाषणमा त केपी वलीले भ्रष्टाचार गर्दिनँ र गर्न दिन्नँ भनेको होइन ?! आज के हुँदैछ जनसमुदाय ? केपी बस्ने बालुवाटारसमेत बेचेर खाने, आफ्नो नाममा बनाउने विष्णु पौडेलहरूलाई के भयो ? तारागाउँको सयौँ रोपनी जमिन लिलाम गरेर खानेहरूलाई के भयो ? भ्रष्टाचारको छानबिन गर्ने भन्ने अख्तियारका भ्रष्टाचारीहरूलाई के भयो ? के यो केपीको पाखण्डी, निकृष्ट र अधमपन होइन ? यो त 'मुखमा रामराम बगलीमा छुरा' भनेको भएन ? म भ्रष्टाचारमा डुब्छु र अरूलाई पनि भ्रष्टाचारमै बगाउँछु भनेको भएन ?! यी अपराधी त उल्टो हामीलाई गोली हान्ने आदेश दिँदै पो हिँडेका छन् त ! अनि यस्ता अपराधीहरूलाई कारबाही हुनुपर्छ र यो सत्ताको ठाउँमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्छ भन्दा हामीमाथि प्रतिबन्ध लगाउनु पर्छ ? जनताले नै भन्नुस्, प्रतिबन्ध हामीलाई कि देश डुबाउने, जनता कङ्गाल बनाउने, जनतामाथि दमन गर्ने र राजनीतिक अधिकार नै खोस्ने भ्रष्ट, तस्कर, कमिसनखोर, दलाल केपी सरकारमाथि लगाउने ?

प्रबुद्ध जनसमुदाय !

हाम्रो पार्टी श्रमिक जनता, मजदुर, किसानको अधिकारका लागि लड्ने पार्टी हो । सारा देशलाई माया गर्ने, देशभक्त, लोकतन्त्रवादी, वामपन्थी शक्तिहरूको नेतृत्व गर्न तयार पार्टी हो । हामीलाई वास्तवमै देशको स्वाधीनता, जनताको पूर्ण मुक्ति र अधिकारबाहेक केही चाहिएको छैन । हामीले नेपाली क्रान्तिका अनेकौँ तीतामीठा, सफल–असफल शिक्षाहरूसहित एकीकृत जनक्रान्तिलाई अगाडि बढाएका छौँ । हामीले २००७ साल, २०२८ साल र २०५२ सालका विद्रोह र जनयुद्धमा साथ दिने, भाग लिने जनताका बलिदान, आशा-अपेक्षालाई बुझेर, काङ्ग्रेस, केपी वली, प्रचण्डहरूसम्मका धोका र बेइमानीलाई पचाएर देशको शासन सत्तालाई परिवर्तन गर्ने अठोटका साथ यो कदम उठाएका छौँ ।

हेर्नुस्, हरेक क्रान्तिले राज्यमा नयाँ वर्गलाई ढोका खोलिदिन्छ । अधकचल्टो क्रान्तिले केही व्यक्ति र नेताहरूलाई सत्ताभोगी, लुटेरा वर्गमा पतन गरिदिन्छ । जनयुद्धलाई हामी यसबाट बचाउन चाहन्थ्यौँ । अपसोच ! प्रचण्डहरूको गद्दारीले गर्दा मुठीभर माओवादीहरू (धेरै त त्यहाँ पनि उत्पीडित नै छन्) लाई दलाल पुँजीपति -अर्बपति, करोडपति) वर्गमा पतन गरायो । उनीहरूलाई उदाहरण बनाएर सारा क्रान्ति नै असम्भव भन्दै जनताको मुक्तिमार्गलाई बन्द गरिदिने षडयन्त्र चलिरहेको छ । यसबाट सबै सचेत बनौँ । पुँजीवाद–दलाल पुँजीवाद रहेसम्म न जनता मुक्त हुनेछन्, न त सुखी र समृद्ध नै हुनेछन् । यी सब कुरा दलाल वर्गका थैली भर्ने फट्याइँ मात्र हुन् । यस्ता नयाँ जोगीहरूको उचालाइमा लागेर सेना-प्रहरीहरूका जवान र अफिसरहरू पनि धेरै चकचक नगरौँ । तसर्थ आउनुहोस् जनसमुदाय, मुक्ति, अधिकार र स्वाधीनताका लागि सारा एक हौँ र केपी वली सरकारको फासिवादी दमनको प्रतिरोध गरौँ ।

केपी सरकारको अति अत्याचार सहन नसकेर उसको प्रतिबन्ध, सुदर्शन कमरेडलगायतको रिहाइ, झूट्टा मुद्दा खारेजी, सारा भ्रष्टाचार, तस्करी, राष्ट्रघातका विरुद्ध बाध्य भई यही वैशाख ५ गते नेपाल बन्द गरेका छौँ । उक्त दिन सबै कलकारखाना, शैक्षिक संस्था, यातायात, व्यापार-व्यवसाय बन्द गरौँ । अनैतिक फासिवादी सरकारलाई राजनीतिक मार्गमा तान्न प्रयत्न गरौँ ।

**केन्द्रीय समिति**
**नेपाल कम्युनिस्ट पार्टी**

गर्दा मुठीभर माओवादीहरू (धेरै त त्यहाँ पनि उत्पीडित नै छन्) लाई दलाल पुँजीपति (अर्बपति, करोडपति) वर्गमा पतन गरायो । उनीहरूलाई उदाहरण बनाएर सारा क्रान्ति नै असम्भव भन्दै जनताको मुक्तिमार्गलाई बन्द गरिदिने षड्यन्त्र चलिरहेको छ । यसबाट सबै बाँकी पृष्ठ ५ मा

# सर्वोच्च अदालतमा सुदर्शनले भने – 'कानुनले क्रान्ति गर्दैन बरु क्रान्तिले कानुन बनाउँछ'

■ रातो खबर संवाददाता/काठमाडौं

बन्दी प्रत्यक्षीकरणको रिट खारेज भएकै दिन सर्वोच्च अदालतमा उपस्थित गराइएका नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश वली 'सुदर्शन' ले कार्लमार्क्सको विश्व प्रसिद्ध कृति पुँजीमा उल्लेख गरिएको भनाइ प्रस्तुत गर्दै कहिल्यै पनि कानुनले क्रान्ति नगर्ने बरु क्रान्तिले कानुन बनाउने बताएका छन् । बयान दिने क्रममा नेता सुदर्शनले विगतको आफ्नो ३ बर्से जेलजीवनको स्मरण गर्दै भने, 'अहिलेको घटनासँग म के तुलना गर्छु भने मलाई २०५५ सालको माघ २९ गते बाजुराको दोगडीबाट पक्राउ गर्दाखेरि भोलिपल्ट फागुन १ गते तेस्रो जनयुद्ध दिवस थियो । त्यतिबेला मेरो झोलामा जिलेटिन हालिएको थियो र झूट्टा मुद्दा लगाइएको थियो । आज त्यही दोहोऱ्याइएको छ । त्यसो भएकाले



मैले १८४४ मा कार्ल मार्क्सले भन्नुभएको कुरालाई फेरि सम्झनुपर्ने र त्यसलाई आत्मसात गर्नुपर्ने भएको छ । त्यो के हो भने निश्चय नै 'आलोचनाको हतियारले वास्तवमा हतियारको आलोचनालाई प्रतिस्थापन गर्न सक्दैन, भौतिक शक्तिलाई भौतिक शक्तिले नै ढाल्नुपर्दछ । तर सिद्धान्तले पनि जति छिटो जनताको हृदयमा ठाउँ लिन्छ त्यति छिटो त्यो भौतिक शक्ति बन्दछ ।' सर्वोच्च अदालतमा बाँकी पृष्ठ ५ मा

# क्रान्तिकारीहरूलाई लगाइएको आरोप

**देश/परिवेश**

■ विप्लव



प्रचण्डको एउटा खतरनाक र धूर्त प्रवृत्ति यो छ कि उनले पार्टीभित्र चल्ने वैचारिक-राजनीतिक सङ्घर्षलाई समाजको वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको स्वाभाविक उपजको रूपमा कहिल्यै लिएनन् । उनका विरुद्ध जति पनि सङ्घर्षहरू पैदा हुन्छन्, तुरुन्तै कुनै बाह्यशक्ति र तत्त्वहरूको चलखेल, उक्साहट, घुसपैठको रूपमा अर्थ्याउन पुग्छन् । जब उनका खराबी र विचलनविरुद्ध सङ्घर्ष हुन्छ, तब उनले कुनै गाउँको धामीझाक्रीले अनुमानका भरमा बोक्साबोक्सीको आरोप लगाएर सोझा-सिधा गाउँलेको जीवन समाप्त पारे जसरी, आँखा बटारेर कसैलाई भारतले चलाएको, 'रअ' ले उचालेको, कसैलाई पश्चिमा (अमेरिका, ब्रिटेन) ले चलाएको, कसैलाई दरबारले खेलाएको भनेर भ्रम प्रचार गरिहाल्छन् । उनलाई थाहा हुन्छ, यो समस्या आफैंभित्रको वैचारिक-राजनीतिक कारणले पैदा भएको हो तर यो भयो भने आफू समाप्त हुने त्रासले त्यो हुन दिनुहुँदैन भन्ने उनको सिद्धान्त रहिआएको छ ।

प्रचण्डले जनयुद्धकालमा बाबुराम, बादल, पम्फा, मातृकाविरुद्ध यो प्रचारको हतियार प्रयोग गरे । बाबुरामलाई त उनले दिल्लीको चेलो र भारतको जासुसभन्दा माथि कहिल्यै रहन दिएनन् । जतिपटक बाबुरामसँग सङ्घर्ष हुन्थ्यो, उनले भारतपरस्तको सूत्र प्रयोग गरिहाल्थे । प्रचण्डले बाबुरामलाई वैचारिक रूपले किन गलत भन्ने सावित गर्न कोसिस नै गर्दैनथे, गरे पनि निकै कम; बाँकी जम्मै षड्यन्त्र मात्र ! जसको बारेमा माथि नै चर्चा गरिसकिएको छ । यही सूत्र कारबाहीको समयमा बादल र पम्फाविरुद्ध पनि प्रयोग गरे । पम्फामार्फत भारत छिरेर बादललाई कब्जा गर्न खोजेको प्रचार थियो । यसैमा पछि मातृका पनि बेलाबेला पर्थे ।

यो साँचो हो कि यदि जे हो, त्यही रूपमा अन्तर्सङ्घर्ष र दुईलाइन सङ्घर्ष रहने स्थिति हुँदो हो त उनको धूर्त्याइँ उहिल्यै समाप्त भइसक्थ्यो । सायद नेपाली क्रान्तिले यति ठूलो क्षति व्यहोर्नुपर्दैनथ्यो । यसो त राजनीतिक एवम् सैन्य-कुटनीतिमा भ्रम-प्रचारलाई युद्धको एउटा हतियार मान्ने चलन नै छ । यसको प्रयोग सबैभन्दा बढी त साम्राज्यवादी र ... क्रमशः पृष्ठ ३ मा


नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

KOSHI INTERNATIONAL SERVICES PVT.LTD.
ISO 9001 : 2008 Certified
Reg. No. 30206/061/062
Liscence No. 498/061/062
Paint Your Future
Furtiman Marg, Bishal Nagar (Near Finland Embassy)
Kathmandu-4, Nepal
Ph: +977-1-4423603, 4423604, Fax: +977-1-4423606
Email: koshiint@wlink.com.np/koshiint@gmail.com
www.koshiinternational.com

शुभकामना

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ब्लु स्काई इन्टरनेशनल प्रा.लि.
नारायणगोपाल चोक, चक्रपथ, काठमाडौं

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Govt. Lic. No.: 711/064/065
Niwida
Niwida Concern (P) Ltd.
P.O.Box: 6624, Sinamangal, Kathmandu, Nepal
T +977-1-4111192 F +977-1-4111193 E info@niwidaconcern.com



## सम्पादकीय

# विद्यार्थी भर्ना; केवल कर्मकाण्ड

गत साल यसै समयमा केपी वली सरकार खुबै चर्चामा आएको थियो । २०७५ साल वैशाख १ गते केपीमण्डल लाखौँ खर्च गरी मुगुमा रहेको नेपालकै सबैभन्दा ठूलो र आकर्षक रारा तालमा गएर राष्ट्रका नाममा सम्बोधन गरेका थिए । त्यस समयमा वली सरकारले आफ्नो सरकारको २ महिने कार्यकाल पूरा गरिराखेको थियो । संसदीय व्यवस्थाअन्तर्गत चुनावमा तत्कालीन एमाले र माओवादी केन्द्रको गठबन्धनले स्पष्ट बहुमत प्राप्त गरेको थियो । तर सरकार बन्दै गर्दा केपीको नेतृत्वमा दुईतिहाइ बहुमत रहेको थियो । दुईतिहाइ बहुमत प्राप्त गरेपछि बनेको सरकारको नेतृत्व गरेका केपी वली भुइँ न भाँडामा जस्तो बनेका थिए । उनले दिग्विजय प्राप्त गरेको जस्तो भान गरेका थिए । त्यसैले गएको वर्ष उनका भाषणहरू सपना, आश्वासन र योजनाले भरिभराउ हुने गरेका थिए । त्यस्तै भाषण वलीले रारामा पनि गरेका थिए ।

तिनै भाषणहरूमध्येको एउटा थियो- विद्यालय शिक्षामा बालबालिकाको पहुँच र विद्यार्थी भर्ना । उनले रारामा नै एकजना विद्यार्थीलाई भर्ना मात्र गरेका थिएनन्, उनको अभिभावकत्व पनि ग्रहण गरेका थिए । त्यससँगै चितवनका एकजना बच्चाको अभिभावकत्व प्रचण्डले लिएका थिए । त्यसपछि सरकारमा रहेको नेकपाका नेता र उक्त पार्टीका मुख्यमन्त्री/मन्त्री, सांसदहरूको लहर नै लाग्यो- बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने प्रक्रियामा । त्यो अभियानको केही महिना यस्तै समाचारहरूले पत्रत्रिकाहरू रङ्गिन पुगेका थिए । यस्तो लाग्थ्यो अब नेपालमा कुनै पनि बालबालिकाले पढ्नबाट वञ्चित हुनु पर्दैन ।

अहिले विद्यार्थी भर्ना अभियानको एक वर्ष पुगेर फेरि अर्को भर्ना अभियानको घोषणा गरेको छ सरकारले यही बैशाख २ गतेदेखि । गत साल केपी वलीले भर्ना गरेकी मुगु बुद्ध माध्यमिक विद्यालय माग्रीकी ८ वर्षीया ठिल्लेसाङ्मु लामालाई अहिले सञ्चारमाध्यमहरूले प्रधानमन्त्रीकी छोरी ८३ प्रतिशत अङ्क ल्याएर कक्षामा उत्तीर्ण भएको प्रचार गरेका थिए । तर प्रचण्डलगायत सरकारी नेकपाका मुख्यमन्त्री, मन्त्री, सांसदहरूले अभिभावकत्व लिएका बालबालिकाको कुनै खबर छैन । करोडौँ खर्च गरेर पोहोर साल चलाइएको भर्ना अभियानमा पनि ९१ हजारभन्दा बढी विद्यालयमा पढ्ने उमेरका बालबालिकाले विद्यालयको आँगनसम्म पुग्न पाएनन् भन्ने समाचार अहिले आइरहेका छन् । यति मात्र नभएर पोहोर साल भर्ना भएका विद्यार्थीको ठूलो सङ्ख्या कक्षा २ मा नपुगेको यथार्थ पनि बाहिर आएको छ । यति मात्र नभएर कक्षा १ मा भर्ना भएका विद्यार्थीको केवल ५० प्रतिशत बालबिालिका मात्र कक्षा ५ मा पुग्ने गरेका छन् । यसैगरी गएको २०७५ सालको एसईई परीक्षामा २०६६ सालमा कक्षा १ मा भर्ना भएका विद्यार्थीको केवल ३४ प्रतिशत मात्र सहभागी भएका छन् ।

यो एक वर्षमा करोडौँ खर्च गरेर भर्ना अभियान चलाउँदा ९१ लाख बालबालिका विद्यालयमा नै पुगेनन् । केपी वलीले वैशाख १ गते भाषण गर्दा २.४ प्रतिशत बालबालिका मात्र विद्यालय नगएको भन्ने तथ्याङ्क, त्यो पनि दाता राष्ट्रको हवाला दिएर गर्वसाथ भनेका थिए- नेपाल विद्यार्थी भर्नामा विश्वमा नै एक नम्बर भयो । यथार्थमा केपी वलीले भनेजस्तो कुनै तथ्याङ्कहरू सही छैनन् । शिक्षा मन्त्रालयले निकाल्ने फ्ल्यास रिपोर्टहरूले पुस्टि गर्दैन ।

किन यस्तो हुन्छ त ? यसको मुख्य कारण अहिलेसम्म यो सरकारले कुनै पनि समस्याको गहिरिएर अध्ययन गरेको छैन । उसको अध्ययनको आधार भनेको गैरसरकारी सङ्घ/संस्थाहरू रहेका छन् जसले केवल डलर पचाउने र नेपालका तथ्याङ्कहरूलाई बाहिर बेच्ने उद्देश्यले तयार पार्ने गरेका छन् । नेपालको वर्तमान शिक्षाप्रणालीमा देखापरेको मुख्य समस्याको पहिचान हुनसकेको छैन । गतसाल गठित उच्चस्तरीय शिक्षा आयोगले बुझाएको सुझाव र सुझावसँगै हुन थालेको विवाद र बहसले सबै कुरालाई सतहमा ल्याइदिएको छ ।

विद्यालयमा भर्ना संख्या नबढ्नु र भर्ना भएका विद्यार्थीहरू पनि विद्यालय शिक्षा पूरा गर्न नसक्नुको मुख्य कारण पत्ता लगाइएको छैन । तर विद्यालय शिक्षाका लागि नै भनेर दाता राष्ट्र र संस्थाहरूबाट प्रशस्त रकम आउने गरेको छ । लगानीकर्ताहरूले आफूलाई चाहिने जनशक्ति निःशुल्क उत्पादन गर्न र सस्तो श्रम मूल्यमा लैजानका लागि ऋण वा सहयोगस्वरूप आउने यस्तो रकमले नेपालको शिक्षामा कुनै परिवर्तन आएको छैन । ती बालबालिकाका नाममा विनियोजन गरिएको ठूलो रकम हिनामिना पनि हुने गरेको छ । त्यसैले पनि परिणाम आउन सकेको छैन । त्यसका साथै यो राजनीतिक संरचनामा सबैले पढ्न पाउने अधिकार प्राप्त पनि गरेका हुँदैनन् । त्यसैले यस्ता भर्ना अभियान केवल कर्मकाण्ड पूरा गर्ने जस्तो मात्र हुने गरेको छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# महान् जनयुद्धको सम्झनामा



सन्तोष बुढा

### महान् जनयुद्धको सम्झना

महान् जनयुद्धको २४ औँ दिवस यसपालि देशविदेश सबैतिर औपचारिक/अनौपचारिक, सानाठूला कार्यक्रमका रूपमा पूर्वमाओवादी पक्षधरहरू सबैले मनाए । कमरेड विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले देशैभर गाउँदेखि सहरसम्म, सानादेखि ठूला सभासम्मका कार्यक्रमहरू आयोजना गरी मनायो । यसैक्रममा लुम्बिनी ब्युरोको आयोजनामा बुटवलमा दस हजारभन्दा बढी जनताको सहभागितामा गरिएको प्रदर्शन र सभाले यो वर्षका सबै कार्यक्रमहरूको नेतृत्व गरेको छ ।

यतिबेला जनयुद्धकालीन माओवादी पार्टी 'संसदीय माओवादी' र 'क्रान्तिकारी माओवादी' दुई धारमा विभाजन भएको छ । संसदीय माओवादी धार संशोधनवादी एमालेसँग पार्टी एकता गरेर वर्तमान दलाल संसद्वादी राज्यसत्ताको नेतृत्व गर्दै सरकार चलाइरहेको छ । यो सामाजिक दलाल पुँजीवादमा पतन भएको छ भने क्रान्तिकारी माओवादीहरूले नेपाल कम्युनिस्ट पार्टी पुनर्गठन गरी २०५२ साल फागुन १ गते सुरु भएको महान् जनयुद्धलाई विकास गर्दै अर्को क्रान्तिकारी कम्युनिस्टहरूको मूलधारका रूपमा अगाडि बढेका छन् ।

अहिले जनयुद्धले कोल्टे फेरेको छ । हिजोको जनयुद्धलाई प्रचण्ड आफैँले समापनको घोषणा गरे । आफैँले सुरु गरेको जनयुद्धलाई आफैँले समाप्त गरेर इतिहासको एउटा घटनाक्रमका रूपमा परिणत गरिदिएको छ । महान् जनयुद्धको गुदी चीज जनमुक्ति सेना, जनसत्ता र जनअदालत थिए । यसको गर्भमा साम्यवादको महान् सपना साकार हुँदै थियो । जनकम्युन, जननमुना विद्यालय र जनवादी स्कुलहरू, जननमुना अस्पताल र सहकारीहरूले सानदार ढङ्गले आकार लिँदै थिए । जनता आफैँ सत्ताका मालिक हुँदै थिए । कमैया, हरुवा-चरुवा, दलित, महिलाहरू बन्धनमुक्त हुँदै थिए । जनजातिहरू, मधेसीहरू, उत्पीडित क्षेत्रका जनताले स्वायत्तताको अधिकार पाउँदै थिए । साम्राज्यवादका सीआईडी संस्थाहरू (विभिन्न गैरसरकारी तथा धार्मिक सङ्घसंस्थाहरू) गाउँगाउँबाट बाहिरिँदै थिए । ठीक यसैबेला साम्राज्यवादी षड्यन्त्र र गुरुयोजनामा जनयुद्धलाई पछाडिबाट थाहा नपाउँदो ढङ्गले छुरा धसेर हत्या गरियो । जनयुद्धको गर्भमा हुर्किरहेको वैज्ञानिक समाजवाद-साम्यवादको भ्रूणको हत्या गरियो । यो महाअपराध र घोर बेइमानीपूर्ण कार्य थियो । त्यो अपराधबाट मोचन पाउनलाई अहिले प्रतिक्रियावादी राज्यसत्ताको सुरक्षा घेराबाट क्रान्तिकारीहरूको हत्या र फेरि अर्को क्रान्तिको भ्रूणहत्याको फर्मान गरेका छन् नवप्रतिक्रियावादी दलालहरूले । फेरि एकपटक यसका विरुद्ध नेपाली जनताले एउटा विद्रोह गर्नुपर्ने बाध्यता बनेर आएको छ । त्यसका लागि पनि यो जनयुद्धको २४ औँ दिवस एउटा सङ्कल्पको दिन बनेर उभिएको छ ।

क्रान्तिकारीहरूले यसपालिको २४ औँ जनयुद्ध दिवस मनाइरहँदा जनयुद्धको घाँटी रेट्नेहरू पनि जनयुद्ध मनाएको नाटक गरी टाउको हल्लाइहल्लाई हाँसिरहेका थिए । यो उनीहरूको 'गोहीको आँसु' मात्र थियो । तर क्रान्तिकारीहरूले भने यो जनयुद्धलाई दुई/तीन अर्थले मानिरहेका थिए- पहिलो महान् जनयुद्धको सम्झनामा, दोस्रो, जनयुद्धका महान् सहिदहरूको सम्मानमा र तेस्रो, जनयुद्धको महान् उद्देश्य पूरा गर्ने अर्को नयाँ सङ्कल्प र प्रतिबद्धतामा । तर सरकारी कम्युनिस्टहरूले भने यसको उपहास गर्ने र जनतालाई भ्रम दिनका लागि यसलाई औपचारिक कार्यक्रमका रूपमा मनाए । यसरी मनाए दुई धारमा उभिएका कम्युनिस्टहरूले जनयुद्ध दिवस । म २४ औँ जनयुद्ध दिवसको यस महान् अवसरमा जनयुद्धका महान् सहिद तथा बेपत्ता योद्धाहरूलाई उच्च सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र घाइते अपाङ्ग योद्धा कमरेडहरू हार्दिक सम्मान व्यक्त गर्दछु ।

### जनयुद्ध एउटा महान् र क्रान्तिकारी पहल

नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा जनयुद्ध महान् ऐतिहासिक कदम थियो । नेपाली कम्युनिस्ट आन्दोलनमा तीन ओटा क्रान्तिकारी फड्कोहरू भएकाछन् । पहिलो २०२८ सालको झापा विद्रोह । दोस्रो २०५२ सालको माओवादी जनयुद्ध र तेस्रो २०७१ मङ्सिर ८ को भद्र विद्रोहपछि कमरेड विप्लवको नेतृत्वमा एकीकृत जनक्रान्तिको महान् अभियान । यसमध्ये झापा विद्रोह र माओवादी जनयुद्ध घोषित रूपमा सुरु गरिएको सशस्त्र विद्रोह थियो भने एकीकृत जनक्रान्ति सङ्गठनात्मक र वैचारिक क्रमभङ्ग थियो । पछिल्लो चरणमा पार्टीभित्र देखापरेका उत्तरसाम्राज्यवादका नयाँ दलालहरू जो नवसंशोधनवाद तथा छद्म नवसंशोधनवादका रूपमा नेपाली कम्युनिस्ट आन्दोलनमा देखापरेका थिए, तिनका विरुद्धको विद्रोह र क्रान्तिको घोषणा थियो । यसले बिस्तारै आकार लिँदैछ । यसले दलाल शासकहरूको विरुद्ध जेहाद छेडेको छ । यसले राष्ट्रिय स्वाधीनताको अभियान र दलाल पुँजीवादी संसदीय व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवादी राजनीतिक कार्यक्रमलाई एकीकृत गरी एकीकृत जनक्रान्तिको कार्यदिशा तय गरेको छ । राष्ट्रियता र जनतन्त्र (जनअधिकार), जनवाद र वैज्ञानिक समाजवाद, वैज्ञानिक समाजवाद र साम्यवादको लक्ष्यमा आमनेपालीलाई प्रशिक्षित गर्दै सुसभ्य, समृद्ध र वैज्ञानिक समाजवादी नेपाल निर्माण गर्नु नै एकीकृत जनक्रान्तिको उद्देश्य हो । यो महान् जनयुद्धको जगमा उभिएको छ ।

निश्चय नै यतिबेला जनयुद्ध हाम्रो अगाडि इतिहास बनेको छ । यो जनताको इतिहास हो । हामी हिजो राजा-महाराजाहरूको इतिहास मात्र पढ्न पाउँथ्यौँ किनकि त्यसबेला जनताको इतिहास लेख्ने कुनै गुन्जाइस थिएन । इतिहासले आफ्ना पल्लवीहरू फेर्दै आएको छ । कुनै बेलामा नेपालमा राजा-महाराजाहरू भगवान्को दूतका रूपमा स्थापित थिए । तिनका बारेमा औँला ठड्याउनु सीधै आफ्नो मृत्युको घोषणा गर्नु हुन्थ्यो । तिनका नियम, कानुन र संविधानको विरोध गर्नु सधै शूली चढ्नु हुन्थ्यो । त्यसबेला पनि राजदरबारमा एकआपसमा ठूलठला पर्व र हत्याकाण्डहरू निरन्तर चली नै रहन्थे । बाईसी, चौबीसी राज्यकालमा आपसी युद्ध र एकले अर्कालाई अधीनस्थ बनाउने कार्य निरन्तर चली नै रहन्थ्यो । शाहवंश कालमा कोतपर्व, अलौपर्व, भण्डारखाल पर्वजस्ता अनेक हत्याकाण्ड र सत्ता हत्याउने घटनाहरू लगातार भैरहन्थे । राणाशासकहरू कोतपर्वबाट उदाए । १०४ वर्ष निरङ्कुश शासन चलाए । त्यो अत्याचारी शासनका विरुद्ध नेपाली काङ्ग्रेसले मुक्तिसेना बनाएर सशस्त्र सङ्घर्षद्वारा मात्र राणा शासनको अन्त्य गर्न सफल भयो । तर जनता र नेपाली काङ्ग्रेसले जसरी सशस्त्र युद्धद्वारा राणा शासनको अन्त्य गरे । त्यसको प्रतिफल जनता मात्र राणा निरङ्कुशतन्त्रबाट मुक्त भए तर निरङ्कुश राजतन्त्रबाट मुक्त भएनन् । यसको परिणाम नेपालमा पहिलोपल्ट कम्युनिस्ट पार्टीका नामबाट सीमित ठाउँ, सीमित व्यक्ति, सीमित साधनस्रोत र वैचारिक धरातल भए पनि २०२८ सालमा भएको झापा आन्दोलन सशस्त्र विद्रोहको उद्घोष थियो । यो उद्घोषका दुई महत्वपूर्ण सङ्केत थिए- पहिलो, तत्कालीन निरङ्कुश राजतन्त्रका विरुद्ध सशस्त्र सङ्घर्षको उद्घोष । दोस्रो, तत्कालीन नेकपाको संशोधनवादी, संसद्वादी नेता र कार्यदिशाबाट विद्रोह र सम्बन्धविच्छेद । अपसोच ! त्यसले पनि सार्थक उद्देश्य प्राप्त गर्न सकेन । तथापि त्यो झापा विद्रोह बनेर नेपाली क्रान्तिको इतिहासमा अङ्कित भएर बसेको छ । यसैको शिक्षा र प्रेरणामा जनयुद्धको उद्घोष भयो । यो नेपाली क्रान्तिको दोस्रो तथा योजनाबद्ध र शक्तिशाली विद्रोह थियो । यसले राजतन्त्रको जरो त उखेलेर फाल्यो तर त्यसमा साम्राज्यवादी हस्तक्षेप, बाह्य शक्तिकेन्द्रहरूको पहल, विद्रोही नेता प्रचण्ड-बाबुरामहरूको विचलन र आत्मसमर्पणले माओवादी आन्दोलनले पनि लक्ष्यमा नपुग्दै विसर्जनको सिकार हुनुपऱ्यो । यसरी जनयुद्धले पटकपटक प्रतिधक्का बेहोर्दै आयो । प्रत्येक धक्काबाट उफ्रेर फेरि नयाँ शिराबाट विद्रोह हुँदै आएको इतिहास छ ।

नेपालका प्रत्येक परिवर्तनकारी आन्दोलनको जगमा सशस्त्र सङ्घर्ष छ र त्यसको विसर्जनको पछाडि देशी र विदेशी प्रतिक्रियावादीहरूको मिलोमतो र षड्यन्त्र छ । जनयुद्धको समापनको पछाडि पनि साम्राज्यवादीहरूको महत्वपूर्ण हात छ तर मुख्यतः प्रचण्डको आत्मसमर्पण नै हो ।

### जनयुद्धको असफलता वा जनयुद्धको विजय

जनयुद्ध यतिबेला नेपाली जनताको विस्मृतिमा बसेको छ । जनयुद्ध सम्झँदा सायद एकथरी मान्छेहरूको आङमा काँडा उम्रिन्छ होला । एकथरी नेपाली जनतामा गर्व र खुसीको विषय बन्छ होला । अहिले जनयुद्धका विषयमा धेरै देशीविदेशीहरूले विद्यावारिधि नै गरिसके । यसरी आज जनयुद्ध लिखित वा अलिखित ग्रन्थ बनेको छ । यसको नकारात्मक पात्र स्वयम् प्रचण्ड बनेका छन् । सकारात्मक रूपले भन्नुपर्दा प्रचण्ड एउटा निषेधको पात्र अवश्य हो । प्रचण्ड नभएको भए जनयुद्धको थालनी हुन्थ्यो कि हुन्थेन । यो छलफलको विषय बनेको छ । तर प्रचण्ड र बाबुरामहरू राजतन्त्र फाल्ने आन्दोलनभन्दा पर पुग्न सकेनन् । यहाँसम्म आउन उनीहरूले जुन आत्मसमर्पणको विधि अँगाल्न पुगे, यो नै उनीहरूको पनि अन्त्येष्टिको कारण बन्यो । आफ्नै बलबुताले गर्ने क्रान्तिभन्दा पनि आश्रित क्रान्तिको विधि अपनाए । त्यो उनीहरूका निम्ति आत्मघाती बन्न पुग्यो । यो परनिर्भर, परमुखी क्रान्तिको विधि थियो । बाबुरामको विद्यावारिधिले लोकतान्त्रिक गणतन्त्रसम्म ल्याउने वर्कत राख्थ्यो भने प्रचण्डले आँट अलि अगाडिसम्म गर्ने तर बलबुताले नभ्याउने । त्यसकारणले पछिल्लो चरणमा बाबुरामको घोडा चडेर बाबुरामकै पथ पछ्याए । बाबुराम त्योभन्दा अगाडि जाने स्थिति थिएन । त्यसपछि आन्दोलनबाट हात झिके । प्रचण्डमा अगाडि जाने ह्याउ थिएन । त्यसैले यो सत्तामा टाँसिएर वैतरणी तर्ने बाटो रोजे । यसरी जनयुद्धलाई बीचैमा अलपत्र पारे ।

कतिपय मान्छेहरू भनिरहेका छन्, 'जनयुद्धको असफलता कि प्रचण्डको असफलता ?' यो एउटा जिज्ञासा अवश्य हो । झट्ट हेर्दा जनयुद्धले सेटब्याक खायोजस्तो देखिन्छ । वास्तवमा सेटब्याक खाएको पनि छ तर सत्य भने जनयुद्धको होइन, प्रचण्डको असफलता हो । प्रचण्डले यसलाई गन्तव्यसम्म पुऱ्याउन नसक्दा जनयुद्धको यो गति भएको हो । प्रचण्ड बीच बाटोबाटै भागेकाले जनयुद्ध अलपत्र परेको हो । आन्दोलन असफल हुनु वा बीचमा अलपत्र पर्नु, क्रान्तिले प्रतिधक्का बेहोर्नु वा अकर्मण्यतामा फस्नुको कारण नेतृत्व हुन्छ । आन्दोलनमा नेतृत्वको भूमिका पाइलटको जस्तै हुन्छ । यसको सफल वा असफल अवतरणको सम्पूर्ण श्रेय पाइलटलाई नै जान्छ । हो, कतिपय अवस्थामा बाह्य आक्रमणका कारण वा मौसमको खराबीको कारण आकस्मिक अवतरण गर्नुपर्ने बाध्यता हुनसक्छ तर दुवै हात उठाएर आत्मसमर्पण गरेर अवतरण हुँदैन । यो जनयुद्ध अपहरणमा परेको पनि होइन । बाबुराम त्यो जनयुद्धरूपी जहाजमा चडेर अरूलाई काबुमा लिएर प्रचण्डलाई बीचैमा लोकतान्त्रिक गणतन्त्रमा अवतरण गर्न लगाएको भन्ने हो भने प्रचण्ड आफैँले मैले सचेत रूपले यहाँ अवतरण गरेको भनिरहेका छन् । यसले के जनाउँछ भने जनयुद्ध त सही नै थियो किनभने यो चीनमा सफल भएको क्रान्तिको कार्यदिशा थियो । यसलाई नेपाली मोडेलमा ढालेर प्रयोग गर्नेमा प्रचण्ड असफल भएकै हो । चीनको जस्तो वा रुसको जस्तो क्रान्ति नेपालमा सम्भव थिएन । त्यहीँनिर प्रचण्डले ड्याङ खाएको कुरो सत्य हो । यसको मतलब के हो भने प्रचण्डले बदलिएको परिवेशमा जनयुद्धको विकास गर्न नसक्नु नै उसको आत्मसमर्पणको मूल कारण हो । ध्यान दिन योग्य कुरा के छ भने बालाजुको पाँचौँ विस्तारित बैठक र खरीपाटी भेलामा उनले भनेका थिए, 'नेतृत्वको दिमागमा क्रान्ति छैन भने क्रान्ति हुँदैन ।' यो भनेको जनयुद्धबाट उनले आफ्नो भविष्य देखिरहेका थिएनन् र कुनै पनि बेलामा जनयुद्धबाट क्रान्ति असम्भव छ भन्नेवाला थिए । अझ त्योभन्दा पनि खुला र स्पष्ट कुरा त २०६३ सालमै गिरिजासँग हात मिलाएर जनयुद्धको समापनको खुलेआम समापनको घोषणा गरेर अँगालोमा बेरिइसकेका थिए र गिरिजाले उनलाई उत्तराधिकारी घोषणा गरिसकेका थिए । जबसम्म प्रचण्डले खुला रूपमा विसर्जन र आत्मसमर्पण गरिसकेका थिएनन् त्यस बेलासम्म जनयुद्धले एकपछि अर्को विजय प्राप्त गर्दै अघि बढिरहेको थियो । विडम्बना ! त्यसबेला लडाइँ जनमुक्ति सेना र शाहीसेनाबीच भैरहेको थियो । आखिरमा विजय न शाहीसेनाको न जनमुक्ति सेनाको विजय साम्राज्यवाद र दलाल पुँजीवादको भयो । यसको अनिवार्य परिणति फेरि अर्को क्रान्ति, फेरि अर्को विद्रोह बन्न पुग्यो ।

### जनयुद्धका महान् सहिदहरू

जनयुद्ध क्रान्ति थियो । त्यसैले मान्छे मर्नु स्वाभाविकै थियो । सत्ता परिवर्तनको हरेक सङ्घर्षमा सत्तापक्ष र जनताका पक्षमा दुवैतिर मान्छे मरेको इतिहास छ । तर सत्तासँग सेना र हतियार भएको हुनाले सत्ता वा राज्य पक्षले धेरै मान्छेको हत्या गरेको इतिहास प्रमाणित छ । १० वर्षको जनयुद्धमा सरकारी पक्षबाट करिब १० हजार र सत्तापक्षतर्फ करिब ५ हजार मान्छे मरेका छन् । राज्यपक्षले सशस्त्र दमन र राज्यआतङ्क मच्चाउने गर्दा त्यसको प्रतिरोधमा प्रतिरोध युद्ध चल्छ । हिंसा र प्रतिहिंसा त्यसैको परिणाम हो । जनयुद्धमा राज्यपक्षबाट मारिएकालाई जनताले सहिद घोषणा गरे भने विद्रोही पक्षबाट मरेकालाई राज्यपक्षले सहिद भनेर घोषणा गरे । राज्यपक्षले मारेका करिब १० हजारजनामा नौ हजारजना सहिद र करिब एक हजारभन्दा बढी बेपत्ताको सूचीमा छन् । करिब नौ हजारमा पनि अधिकांश निहत्था जनता तथा सर्वसाधारण छन् । त्यसमा पनि एकचौथाइ नितान्त अन्जान र कोही त नेपाली काङ्ग्रेस, राप्रपा र एमाले समर्थक जनतासमेत रहेका छन् । तत्कालीन नेकपा माओवादीले प्रहरी र सेनाबाट मारिएका जनमुक्ति सेनाको सङ्ख्या करिब ३ हजार, करिब २ हजारको

बाँकी पृष्ठ ३ मा

पृष्ठ १ बाट क्रमशः

# क्रान्तिकारीहरूलाई लगाइएको आरोप

पुँजीवादीहरूले नै गर्दै आएका छन् । प्रचण्ड यसका स-सानो चेला मात्र हुन् । जब कि यो भ्रम-प्रचारको सिकार जनयुद्धकालमा स्वयम् प्रचण्ड पनि भएका हुन् । उनलाई कांग्रेस-एमालेहरूले कहिल्यै पनि आत्मनिर्भर नेता र जनयुद्धको वाहकको रूपमा स्थापित हुन दिएनन् । उनीहरूले पहिले शीतल निवाससे चलाएको दरबारको दलाल भने ! प्रचण्ड भन्ने मान्छे नै छैन, ज्ञानेन्द्रको नाम नै प्रचण्ड हो, पारसको उपनाम हो सम्म भने ! पछि जब प्रचण्डहरू भारतमा बस्छन् भन्ने थाहा पाए, तब एकोहोरो भारतबाट सञ्चालित, संरक्षित र भारतका दलाल भनेर बद्नाम गरे । त्यसले नेपाली जनतामा एकहदसम्म भ्रम पनि परेको देख्न सकिन्छ ।

विडम्बना ! जुन भ्रम-प्रचारले प्रचण्डको हालत खराब गरिदिएको थियो र आफू निकै पीडित हुनुपरेको दुःखेसो गर्थे । आज इतिहास पार गर्दै प्रचण्डहरूले हाम्रोबारेमा त्योभन्दा चर्को भ्रम-प्रचारमा टुप्पी कसेर उत्रेका छन् । उनीहरूले हाम्रोबारेमा अनेकौँ भ्रमहरू फैलाएका छन् । मुख्यतः दरबारसँग जोडिएको या दरबारले चलाइरहेको, भारतको 'रअ' ले भेटेर सहयोग गरेको, मोदीको सल्लाहकारले भेटेको, चीनले सञ्चालन गरेको, पश्चिमाहरूले सञ्चालन गरेको, नेपाली सेनासँग मिलेर 'कू' गर्न खोजेको, क्रान्ति नभएर पदका लागि लेनदेन गर्न खोजेको, अतिवादी भएको, जबर्जस्त क्रान्ति गर्न खोजे प्रभाकरणजस्तो हुने आदि आदि । प्रचण्डहरूले हाम्रोबारेमा जे-जति भ्रम-प्रचार चलाएका छन्, तिनको बारेमा अब धेरै कस्साकस्सी गर्नुपर्ने देखिँदैन । क्रान्तिको प्रवाहमा परेर ती एकपछि अर्को स्वतः धुजाधुजा हुँदै गएका छन्, जनता पनि स्पष्ट बन्दै गएका छन् तथापि भ्रम भनेका भ्रम नै हुन्, भ्रम भनेका एकप्रकारका विष हुन्, तिनको बारेमा सच्चाइ बताउनैपर्छ र केही विषयमा चर्चा गर्नुपर्ने हुन्छ ।

पहिलो कुरा, दुनियाँले बुझेको हुनुपर्छ, क्रान्ति र क्रान्तिकारीहरू कसैको दलाल या खेलौना बन्नुपर्ने हुँदैन । क्रान्ति आफैँमा सम्पूर्णखाले प्रतिक्रियावादी विचार र प्रवृत्ति धार हो । यो त्यतिबेला मात्र क्रान्ति हुन्छ, जतिबेला यसले गलत विचार र प्रवृत्तिविरुद्ध विद्रोह गर्छ र सबै खराब प्रवृत्तिहरूलाई छोडेर अगाडि बढ्छ । यसको ठीक विपरीत सच्चाइ यो हो कि क्रान्तिबाट भागेका या आत्मसमर्पण गरेका तत्वहरू भने कसै न कसैको अङ्ग या दलाल नबनेर टिक्न र बाँच्न नै सम्भव हुँदैन । उनीहरूको अस्तित्व नै पुँजीवादी र साम्राज्यवादीको अङ्ग बनेर रहन सक्छ । त्यसैले हाम्रो पार्टी र क्रान्ति कुनै पनि शक्तिकेन्द्र र तत्वको दलाल हुने कल्पनै नगरे हुन्छ तर प्रचण्डहरू भने कुनै एक शक्तिकेन्द्रको फेरो नसमातेसम्म बाँच्न नै सम्भव छैन । तसर्थ, यदि दलाल नै बन्ने अवस्था हो भने त्यो हामी क्रान्तिकारीहरूको होइन कि प्रचण्डहरूको मात्र हुन सक्छ ।

दोस्रो कुरा, क्रान्तिकारीहरू कम्युनिस्ट अन्तर्राष्ट्रवादी र मित्रशक्तिहरूसँग बाहेक साम्राज्यवादीहरूसँग जोडिन पुग्दा ध्वस्त हुन्छन् भने आत्मसमर्पणवादी र प्रतिक्रान्तिकारीहरू साम्राज्यवादीहरूसँग नजोडिँदा ध्वस्त हुन्छन् । क्रान्तिकारीहरूको जीवन र विजय क्रान्ति र क्रान्तिकारी भाइचारा सम्बन्धमा हुन्छ भने आत्मसमर्पणवादीहरूको जीवन साम्राज्यवादीको दयामायामा निर्भर हुन्छ । यसर्थमा पनि नेपाली क्रान्तिमा क्रान्तिकारी शक्ति र धारा साम्राज्यवादी तत्वहरूसँग जोडिने सम्भावना नै रहँदैन र छैन पनि । यदि कुनै तरिकाले यो साम्राज्यवादी तत्वहरूसँग जोडिन पुग्यो भने जोडिएको दिनमा नै क्रान्ति ध्वस्त हुन पुग्छ । तर, आत्मसमर्पणवादी र प्रतिक्रान्तिकारीहरू भने आफ्नो फाइदा, स्वार्थ र अस्तित्वका लागि साम्राज्यवादी तत्वहरूसँग नजोडिए सुखै छैन, जसको नाङ्गो क्रियाकलाप प्रस्टसँग देखिरहेका छौँ । प्रचण्डहरू आज कसरी दिनरात विदेश भ्रमणमा लाजशरम पचाएर कुदिरहेका छन्, कसरी विदेशी मालिकसामु जीवनरक्षाको याचना गरिरहेका छन्, कसरी सत्तास्वार्थका लागि चाकरीमा जुटिरहेका छन्, कसरी साम्राज्यवादीका अरबौँ रूपियाँमा नाचिरहेका छन् यति नै बुझ्दा पनि प्रस्ट भइहाल्छ, को विदेशीसँग झुण्डिएर बाँच्न बाध्य छ !

तेस्रो कुरा, हामी केमा विश्वस्त हुनुपर्छ भने क्रान्तिले भ्रमहरूलाई साफ पारिदिन्छ । भ्रम केवल स्वार्थ, लोभलालच, सम्झौता, धोका, गद्दारीमा मात्र बाँच्न सक्छ । क्रान्ति अगाडि बढ्न सकेन भने भ्रमले मौलाउने जमिन पाउँछ तर जब क्रान्ति अगाडि बढ्छ, तब भ्रमका एक-एक पत्ता धुजाधुजा हुन पुग्छन्, भ्रमभित्र छिपेका स्वार्थी, अनैतिक, धोकेबाज, भ्रष्ट अनुहारहरू नाङ्गो हुन पुग्छन् र सच्चाइ दुनियाँले देख्नेगरी बाहिर आइपुग्छ । क्रान्तिले भ्रमलाई मनपरी बाँच्न दिँदैन । हामी जनयुद्धकै उदाहरण लिऔँ न, जतिबेलासम्म जनयुद्ध कलिलो थियो प्रतिक्रियावादी, संशोधनवादी र गलत तत्वहरूले फैलाएका भ्रमहरूबारे नागरिकहरूलाई केही हदसम्म अन्यौल र भ्रममा पारेका थिए तर जब जनयुद्ध शक्तिशाली आँधीजस्तो अगाडि बढ्यो, तब सबै भ्रम-प्रचारहरू ध्वस्त मात्र भएनन् कि जनयुद्ध नेपाली जनताको महान् मुक्तियुद्ध हो भन्ने कसैले काट्न नसक्नेगरी स्थापित बन्न पुग्यो । अबको क्रान्तिमा हुने त्यही हो । यसमा कोही पनि भ्रममा रहनुहुँदैन ।

चौथो कुरा, क्रान्ति यस्तो शक्तिशाली प्रवाह हो, जसले भ्रमहरूलाई मात्र साफ गर्दैन कि प्रतिक्रान्तिकारी हावाभन्दा हजारौँगुणा शक्तिशाली ध्रुव खडा गरिदिन्छ । माओले एक पटक भन्नुभएको थियो कि क्रान्तिमाथि प्रतिक्रान्ति हावी होला या प्रतिक्रान्तिमाथि क्रान्ति हावी होला, त्यो तुरुन्तै पूरा हुने कुरा होइन तर अन्ततः क्रान्ति नै प्रतिक्रान्तिमा हावी हुनेछ । यो एकदमै सही विश्लेषण हो । जब क्रान्ति अगाडि बढ्छ, तब विश्वभर उत्पीडितवर्ग, जाति, समुदाय सारालाई नयाँ चेतना र सन्देशद्वारा उद्वेलित र आकर्षित गर्न पुग्छ । यसले क्रान्ति भइरहेको स्थानमा मात्र होइन, सबैतिर क्रान्तिकारी जागरण पैदा गर्छ । आत्मसमर्पणवादी र प्रतिक्रान्तिकारीहरूले अनेकौँ छलछाम गरे पनि क्रान्तिले ती सारा खराबीलाई परास्त गर्दै क्रान्तिकारी धारको निर्माण गर्दछ ।

पाँचौँ कुरा, क्रान्तिको यात्रा बलिदानीपूर्ण हुन्छ, यो कुरा सत्य हो । कुनै पनि क्रान्तिले केही न केही मूल्य नचुकाएर सफलता हासिल गर्न सक्दैन । के सामन्तवादविरुद्धको क्रान्तिमा पुँजीवादी र प्रजातन्त्रवादीहरूले बलिदान गर्नुपरेको थिएन र ? के फ्रान्सको क्रान्तिदेखि ब्रिटिस, अमेरिका, रुस, चीन, भारतका क्रान्तिहरू बिना-बलिदान पूरा भएका थिए ? के नेपाली विद्रोह र सङ्घर्षहरूमा नै बलिदान भएको थिएन र ? निश्चय नै भएको थियो । विश्वका हरेक कुनामा विद्रोही र क्रान्तिकारीहरूको रगत लतपतिएको छ । महान् समाजवादी क्रान्तिहरूमा पनि क्रान्तिकारीहरूको रगत बगेको छ तर बलिदानले न क्रान्ति रोकिएको छ, न त बलिदानको त्रासले नै क्रान्तिबाट क्रान्तिकारीहरू पछि फर्किने कुरा आउँछ । क्रान्तिमा प्रभाकरण पनि बन्न सकिन्छ, लेनिन, माओ र फिडेलहरूले हासिल गरेको विजय पनि पाउन सकिन्छ । यसको लागि हरदम आफूलाई तयार राखेर नै क्रान्तिकारीहरूले क्रान्तिको जिम्मेवारी उठाउने हो । हामी त्यसका लागि तयार भएर नै एकीकृत जनक्रान्तिको मार्गमा अगाडि बढेका छौँ । सच्चाइ यो पनि छ कि आत्मसमर्पणवादी र प्रतिक्रान्तिकारीहरूले न प्रभाकरणको जोखिम लिनुपर्छ, न त क्रान्तिको महान् गौरव नै प्राप्त गर्न पाउँछन् । उनीहरू केवल भौतिक सुखको लालचमा मालिकहरूको दास हुन मात्र योग्य हुन्छन् ।

## वरिष्ठ बुद्धिजीवी ...

सङ्ख्यामा माओवादीको सङ्गठित सदस्य जो निहत्था पक्राउपछि मारिए, ४ हजारको हाराहारीमा समर्थक र शुभचिन्तक छन् । त्यस्तै करिब एक हजारभन्दा बढी नेता, कार्यकर्ता र सर्वसाधारण जनता रहेका छन् । विपक्षीतर्फ करिब डेढदेखि २ हजारको हाराहारीमा प्रतिरोधका क्रममा सीआईडीहरू मरेको अनुमान छ । त्यस्तै ३-४ हजारको हाराहारीमा प्रहरी र सेनाहरू मरेको अनुमान गर्न सकिन्छ । यो भनेको जनयुद्धका क्रममा स्वाभाविक सङ्ख्या हो । दुवैतर्फ हाराहारी-हाराहारीमा क्षति भएको छ । तर बढी सर्वसाधारणको हत्या सरकारी सुरक्षा सेनाले भिडन्तका नाममा पक्राउपछि निर्दोष जनता र निहत्था कार्यकर्ताको हत्या भएको छ ।

जहाँसम्म नेकपा माओवादीतर्फ क्षतिको कुरो छ सबभन्दा उच्च स्तरबाट सहादत हुनेहरू वैकल्पिक पीबीएम कमरेड वासु, सीसी सल्लाहकार कमरेड दीर्घ, सीसीएम कमरेडहरू सुनील, कमरेड विशाल, कमरेड रीतबहादुर खड्का, कमरेड परिवर्तन, कमरेड कुमार थिए भने कमरेड रामवृक्ष यादवलाई जनयुद्धको पूर्वसन्ध्यामा गुण्डाहरूद्वारा हत्या गरिएको थियो । जनयुद्धपूर्व ग्रामीण वर्गसङ्घर्षका क्रममा रोल्पामा मात्र करिब आधा दर्जनको पुलिस र गुण्डाहरूद्वारा हत्या भैसकेको थियो । कमरेड दीपेन्द्र (दण्डपाणि न्यौपाने), कमला शर्मा, विद्यार्थी नेता ...पौडेल लगायत करिब एक हजारभन्दा बढी अहिले पनि न सास न लासको अवस्थामा छन् । तत्कालीन माओवादी नेता प्रचण्ड २ पटक र बाबुराम १ पटक प्रधानमन्त्री हुँदा पनि ती बेपत्ता नागरिक तथा योद्धाहरूलाई सार्वजनिक गर्न सकेका छैनन् । ती अहिले पनि बेपत्ताकै सूचीमा छन् भने सहिदहरूलाई पनि राष्ट्रिय सहिद घोषणा गर्न र उचित राहत तथा सहिद परिवारहरूको उचित व्यवस्थापन गर्नसकेको छैन ।

#### जनुद्धका नेताहरू

वर्गसङ्घर्षले नेता जन्माउँछ र नेताले क्रान्ति हाँक्छ । क्रान्ति सफल पार्न एक सफल नेतृत्व र कुशल नेता जरुरी पर्छ । नेता भएर मात्र हुँदैन रहेछ, त्यससँग तात्कालिक र दीर्घकालिक मिसन र भिजन, क्रान्तिकारी दृढता र साहसका साथै वर्गीय पक्षधरतामा दृढ नेता क्रान्तिकारी नेतामा हुनुपर्ने महत्वपूर्ण गुण रहेछ । हुनलाई यी मार्क्सवादका आधारभूत सिद्धान्तभित्रै पर्छन् तैपनि नेताहरू यहीँनिर कतै चिप्लिँदा रहेछन् । हाम्रा त्यसबेलाका आदरणीय भनिने नेताहरू आज कसरी सिद्धान्तबाट विचलित भएर आफ्नै कमरेडहरूलाई नै इन्काउन्टर गर्ने तहसम्म पुग्दा रहेछन् । यो वर्गीय पक्षधरता हो । सामन्तवादी र पुँजीवादी समाजमा पहिलो कुरा कम्युनिस्ट बन्न गाह्रो, दोस्रो कुरा नेता बन्न गाह्रो, तेस्रो कम्युनिस्ट नेता बन्न गाह्रो, चौथो कुरा नेता भएर पनि वर्गीय पक्षधरतामा दृढताका साथ अघि बढेर सर्वहारा वर्गका लागि बलिदान दिने आँट र साहस गर्न गाह्रो । पाँचौँ कुरा यसलाई साम्राज्यवादी प्रतिक्रियावादी षड्यन्त्रहरूबाट बचाउँदै कलात्मक ढङ्गले अन्तिम गन्तव्यसम्म पुऱ्याउन गाह्रो' । यसमा हाम्रा नेताहरूलाई कुनकुन अवरोध पार गर्न गाह्रो भयो त्यो सबैलाई थाहा भएको कुरा हो । हाम्रा जनयुद्धका नेताहरू पहिलो त कम्युनिस्ट नै भएनन् । दोस्रो कोही कम्युनिस्टजस्ता देखिने नेताहरू पनि नेता भएनन् । नेता हुनेहरू कम्युनिस्ट भएनन् र कम्युनिस्ट हुनेहरू नेता भएनन् । सायद नेपाली कम्युनिस्ट आन्दोलनको एउटा समस्या यही हो ।

अहिले हिजोका जनयुद्धताकाका केही नेताहरू प्रचण्डतिर देखिन्छन् र अहिले सत्तासुविधा भोग गरिरहेका छन् । केही नेताहरू सत्ताबाहिर छन् । ती क्रान्तिकै कुरा गरिरहेका छन् । यो दुनियाँले देखेकै कुरा हो- चलाख र कमाउ धन्दामा लागेका र माओवादीका नाममा ठगी धन्दामा लागेकाहरू नै आज प्रचण्डका पक्षमा लागे । हिजोको माओवादीका इमानदार पङ्क्ति अहिले पनि क्रान्तिका पक्षमा छ । यी अहिले कमरेड विप्लवको नेतृत्वको नेकपामा छन् । प्रचण्ड अहिले एमालेमा विलय भएका छन् । उनी अब माओवादी रहेनन् । उसबेलाको माओवादीको आत्मा र विचार नयाँ संस्करण र शैलीमा एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादमा आएर काँचुली फेरेको छ । प्रचण्ड हिजोको माओवादीको पुरानो काँचुली मात्र हो । त्यो अहिले भूत बनेर सताउने र तर्साउने गरिरहेको छ । त्यो काँचुली मात्र हो । कमरेड माओले भनेझैँ कागजी बाघ मात्र हो ।

#### माओवादी आन्दोलनको वर्तमान

हिजोको माओवादी आन्दोलनको धार अहिले एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद प्राप्तिको आन्दोलनमा फेरिएको छ । माओवादी आन्दोलनको लक्ष्य तत्काल नेपालमा विद्यमान राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गरी नेपालमा नयाँ जनवादी व्यवस्था स्थापना गर्ने रहेको थियो । यो स्वयम् प्रचण्डले अगाडि सारेको कार्यक्रम हो । यो कार्यक्रम २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी गठन हुँदा अगाडि सारिएको कार्यक्रम पनि हो । त्यसैलाई सफल पार्न ५२ सालको माओवादी आन्दोलन सर्वाधिक सफल रह्यो । दस वर्षको जनयुद्धले गणतन्त्रसम्मको यात्रा तय गऱ्यो तर संसदीय व्यवस्था झन् सुधारिएको संसदीय व्यवस्थाका रूपमा आयो । जनताको सत्ता स्थापना भएन । दस वर्षको जनयुद्धले तत्कालीन प्रतिक्रियावादी सत्तालाई अधकल्चो मात्र बनायो । तत्कालीन माओवादी नेतृत्वको लोभीपापी स्वार्थीहरूको एउटा हिस्सा यही संसदीय व्यवस्थालाई मलजल गर्न पुग्यो । दलाली र आत्मसमर्पणमा प्रतिस्पर्धा गर्न पुग्यो । अन्ततः यसको परिणाम एउटा खाँट्टी साम्राज्यवादको दलालका रूपमा देखापऱ्यो । यसैको अभिव्यक्ति नै संशोधनवादी एमालेसँगको पार्टी एकता हो । त्यसैले हिजोको जनयुद्ध र माओवादी आन्दोलनको वर्तमान संस्करण आज एकीकृत जनक्रान्ति हो र वैज्ञानिक समाजवाद बन्न आएको छ । यो नै हिजोको माओवादी आन्दोलनको यात्राको निरन्तरताको वर्तमान हो ।

#### एकीकृत जनक्रान्तिको कार्यदिशा र सम्भावना

एकीकृत जनक्रान्ति (Unifiede Peoplels Revolution) जनयुद्धको विकसित कार्यदिशा हो । कार्यदिशा नै क्रान्तिको मार्गदर्शक सिद्धान्त हो । हिजोको एउटा परिस्थितिमा जनयुद्धको आवश्यकता थियो । त्यतिबेला जनयुद्धले तत्कालिक समाजको आवश्यकतामा क्रान्तिको भूमिका निर्वाह गऱ्यो । आजको परिस्थिति बदलिएको छ । बदलिएको परिवेशमा जनयुद्धले पनि आफूलाई विकसित गरेको छ । आजको साम्राज्यवादको चुनौती र आजको मानव चेतना, विज्ञान-प्रविधि तथा राज्यसत्ताको विशेषताले क्रान्तिको कार्यदिशालाई पनि अनिवार्य रूपमा परिमार्जन र विकास गर्नुपर्ने आवश्यकता भयो । यहीँनिर प्रचण्डले नसकेर भागेको हो । नेतृत्वको काम विश्वपरिस्थिति र राष्ट्रिय परिस्थितिको राम्रो आँकलन र विश्लेषण गरेर अगाडि जाने मार्ग तय गर्नु हो । यति गर्न नसके उसले नेतृत्वको भूमिका निर्वाह नै गर्न सक्तैन । लाटो देशमा गाँडो तन्नेरी बनेर प्रचण्डले हामी कार्यकर्ताहरूलाई बेवकुफ बनाएको कुरा अहिले चीज बिग्रेपछि मात्र थाहा पायौँ । जब हामीले थाहा पायौँ चीज धेरै गडबड भइसकेको थियो । तैपनि पार्टी र क्रान्तिलाई बचाउन नसके पनि क्रान्तिकारीहरूको उद्धार (Resque) गर्नु, विचार र सिद्धान्तको रक्षा गर्न सक्नु, पुरानोको भग्नावशेषबाट नयाँ निर्माण गर्न सक्नु र नयाँ क्रान्तिकारी बाटो (कार्यदिशा) तय गर्न सक्नु महान् कार्य हो । यो दस वर्षको महान् जनयुद्धको प्रतिधक्काको परिणाम हो । यसैको गर्भबाट एकीकृत जनक्रान्तिको कार्यदिशा जन्मेको छ । यसले आफ्नो जन्मसँगै ससानो विद्रोह गरेर आएको छ । जन्मनेबित्तिकै प्रतिक्रियावादी चुनावहरूको सामना गर्दै आयो । त्यसपछि निरन्तर कहिले वाम-काङ्ग्रेसको सरकारको, कहिले कथित कम्युनिस्ट सरकारको दमनको सामना गर्दै आएको छ । यो दमन ९ महिनाको बच्चालाई दाइराविरुद्धको सुई दिएजस्तै भएको छ । हरेक कदमहरूमा प्रतिरोधको सामना गर्दै अहिले एकीकृत जनक्रान्तिले आफूलाई सुदृढ र अग्निपरीक्षाहरूमा सामेल गर्दै हार र जितको द्वन्द्ववादलाई पकड्दै निरन्तर विकास र सफलताको दिशातिर अगाडि बढेको छ । यो नै सफलता र विजयको सङ्केत हो ।

अन्त्यमा यतिबेला नेपाल कम्युनिस्ट पार्टी नै सच्चा जनयुद्धको उत्तराधिकारी बनेको छ । यसले महान् सम्भावनाहरूको ढोका खोल्दै वैज्ञानिक समाजवाद निर्माण गर्ने दिशा पकडेको छ । निश्चय नै क्रान्ति कहिल्यै पनि सीधा र सपाट बाटोबाट अघि बढ्दैन । यो बाङ्गोटिङ्गो बाटो भएर अघि बढ्छ । यो हार-जित, उतार-चढाव हुँदै लेनिनले भन्नुभएजस्तै ज्वारभाटाका विरुद्ध अघि बढ्छ । यसरी जाने आँट गर्नु नै क्रान्तिकारी साहस हो । यो आरसीपीका नेता बब अबाकिनले भनेझैँ (Revolution is the hope of tha hopless) क्रान्ति निरासहरूको आशा हो । प्रचण्डले समस्त नेपाली जनता र क्रान्तिकारी पङ्क्ति, कार्यकर्ता र सर्वहारा वर्गलाई निराश मात्र होइन, घोर निराशामा फसाएको बेला एकीकृत जनक्रान्ति ती निराशाहरूको आशाको दियो बनेको छ । यति मात्र होइन, यो अब एउटा वैकल्पिक शक्ति बनेर उभिएको छ । माओले भन्नुभएझैँ सही कार्यदिशा भए गुमेका सम्पूर्ण चीजहरू पनि फेरि प्राप्त हुन्छन् । नभएको चीज पनि प्राप्त हुन्छ । नभन्दै हाम्रो पार्टी वरपर अब क्रान्तिकारीहरू गोलबन्द हुने क्रम जारी छ । क्रान्तिकारी ध्रुवीकरण निरन्तर जारी छ । अहिले नेपालमा दलाल पुँजीवाद, सामाजिक दलाल पुँजीवाद र क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टी तीन राजनीतिक शक्तिकेन्द्रहरू खडा छन् । तिनमा दलाल पुँजीवाद र सामाजिक दलाल पुँजीवाद नाम मात्र फरक 'कम्युनिस्ट र कम्युनिस्टविरोधी' जस्ता देखिए पनि तिनी सारमा एउटै हुन् । जात एउटै नाम र रूपरङ मात्र फरक ' कालो कुकुर र रातो कुकुर' भनेजस्तै हुन् । आखिर जस्तो रूपरङ र नाम भए पनि कुकुर कुकुरै हो । उसको काम मालिक भक्ति गर्नु हो । त्यसैले एक दिन यिनको अन्त्य अवश्यम्भावी छ । कम्युनिस्टहरूको जित निश्चित छ । वैज्ञानिक समाजवाद धेरै टाढाको विषय छैन । जनयुद्ध अर्को रूपमा जारी छ ।

शुभकामना

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सिजी हार्डवेयर
पोखरा, कास्की

शुभकामना

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मोहन लम्साल, अध्यक्ष
मकालु एड्भेन्चर ट्राभल ग्रुप
अमृत मार्ग, भगवती बहाल, ठमेल, काठमाडौं
फोन : ०१-४४२०१३६, ४४१७५२२

# प्रधानमन्त्रीलाई नयाँ वर्षको शुभकामना


नरबहादुर कार्की

**प्रधानमन्त्री केपी शर्मा वलीज्यू**
**नयाँ वर्षको शुभकामना छ !**

जब तपाईंले लाखौं युवाहरू, आमसर्वसाधारणले देखेभोगेका कटु सत्यहरू र असन्तुष्टिका आवाजलाई नमिलेका प्रश्न वा 'राजनीतिको आवरणमा हिंसा' भनेर फेरि पनि आफ्नो अहङ्कारलाई 'क्यारी ओभर' गर्नुभयो २०७६ सालको सुरुआतमा, म अरू अपेक्षा राख्दिनँ तर तपाईंकै भाषामा केही प्रश्न गर्न चाहन्छु । भ्रष्टाचारविरुद्धको अभियान बन्यो २०७५ साल भन्नुभो (यसमा हामी हाँस्नुपर्ने हो वा प्रश्न गलत भो ? व्यापारघाटा १५ खर्ब, नेपालीको ऋण सात हजार थपिनु, महालेखाले आर्थिक अनुशासन ध्वस्त भो भन्नु, सर्वोच्चले एनसेललाई दोषी देखाउनु, मेलम्चीको गति तपाईंकै पालामा अवरुद्ध हुनु, सेना बहसमा तानिनु र नेपालमा धार्मिक अतिक्रमणको बीजरोपणमा सरकार संलग्न हुनुले तपाईंकै प्रशंसकले पनि के ठान्ने ? तपाईंले देखाएका प्रगतिको सूचीभित्र आमजनताको बिहानबेलुकी कहाँ जोडिएको छ ? कानुन बनाएको वर्षका रूपमा उत्सव मनाएर भोक मर्दैन, बेरोजगारी टर्दैन । तपाईंको सम्बोधन सुन्ने मान्छे हरेक दिन देश छोडिरहेका छन् । आधा घन्टामा दर्जनौं कानुन पारित गरिएका छन् र तिनीहरूमा भएका त्रुटि सच्याउन अब अर्को वर्ष पनि लाग्ला सायद ।

म प्रश्न परिवर्तन गर्छु, तपाईंको प्रशासनले हिरासतमा लिएका सयौं युवा तथा राजनीतिक अभियन्ताहरू को हुन् ? आफूलाई पायक पर्ने प्रश्न सोध्न सिकाउनुभएको छ । तरिका ठिकै हो तर यथार्थ के हो भने तपाईंहरूलाई जागिर खाना पठाउने जनता सबैखाले प्रश्न सोध्न स्वतन्त्र छन् । जबाफ छैन भने त्यो तपाईंको बाध्यता हो र इमानदारी होइन । प्रश्न अहिले जनताले सोधेका छैनन् । तपाईंवरिपरिका घटना स्वयम् प्रश्न बनेका छन । बालुवाटारको जग्गा, वाइडबडीबारेको मौनता, सुनकाण्ड, स्थानीय सरकार र केन्द्रको भ्रष्टाचार, जनआवाज र विमतिसँगको 'फोबिया' जस्तो देखिने सरकारी रवैया, गाउँमा अकारण गरिएका गस्ती र झूट्टा मुद्दा, तपाईंका माननीय सभासद्को हिस्साको अर्बौं बजेट, पानीपँधेरो बनेको अमेरिकामोह, इन्डोप्यासिफिक रणनीति र नेपालको पोजिसन, बेलगाम दाता वा गैरसरकारी पैसाको व्यवसाय, करप्सन पर्सेप्सन इन्डेक्समा लज्जाजनक अवस्था आदि तथ्यबारे जबाफ दिनुभएन । प्रश्न गर्न सिकाउनुहुन्छ ? प्रश्न तपाईंको वरिपरि आफैं नाचिरहेका छन् ।

लगानी सम्मेलन सफल भो कि असफल ? एउटा एनेक्डट प्रयोग गर्नुभएछ 'नेपाल विश्वको उदाउँदो अर्थतन्त्र' भनेर । सरकारको प्रशंसा भो रे ! नेपाली बैङ्कको पैसा विदेशी परियोजनालाई सुनिश्चित गर्नु लगानी सम्मेलनको सफलता हो ? सतलजले अरुण बनाउने हो कि नेपालीले बनाएर सतलज (भारत) लाई सुम्पने हो ? समाजको चरित्र र चाहना शान्ति र समृद्धि भन्नुभयो, प्रश्न सरकारको चरित्रको हो । युवा र खोलाबाहेक बेच्ने के छ ? रेमिट्यान्स कृषि र पर्यटनबाहेक धान्ने के छ ? यी कुनै पनि क्षेत्रमा समेत ध्यान छैन किनकि तपाईंहरू हरेक साताको हाटबजार जाँदा फरक लुगा लगाएजस्तो मौसमी कुरा गर्नुहुन्छ ।

आमजनताका प्रश्न पुरानै छन् । दलाल अर्थव्यवस्था आफैं सकिन्छ ? नेपालमा रोजगारी खै ? नीतिगत भ्रष्टाचारको धमिराबाट देश कहिले मुक्त हुन्छ ? नेताकेन्द्रित शासनको सट्टा जनताकेन्द्रित शासन कहिले आउँछ ? मिचिएका सीमा फिर्ताका लागि के पहल र नतिजा आयो ? स्वास्थ्य, शिक्षाजस्ता आधारभूत कुरा राज्यले जिम्मा कहिले लिन्छ ? स्वास्थ्य बिमा कहाँ पुग्यो ? युवालाई बिनाधितो ऋण कहाँ छ ? नयाँनयाँ शिलान्यास र घोषणाले फुर्सद छैन । चाइनाबाट चुचो भएको रेल सिमानामा छ कि नुवाकोटतिर आइपुग्यो ? तपाईं प्रश्न सोध्ने तरिका होइन, उत्तरको तयारी गर्न सिक्नुपर्छजस्तो लाग्छ । तपाईंको शुभकामना मन्तव्य कुनै एनजीओको आवधिक समीक्षा होइन, शासन हातमा भएका कार्यकारीले आफूले बोलेको वाचाको नतिजामूलक र तथ्यपरक जबाफ दिनु हो ।

एक वर्षमा चमत्कार किन भएन भनेर कसैले सोधेकै छैनन् । कटु यथार्थ के हो भने तपाईंका सल्लाहकारहरू र मन्त्रिपरिषदमा डराएका मान्छे छन्, जागिर खाने र जागिर जोगाउनेभन्दा माथि सोच्ने कसैलाई फुर्सद र हिम्मत छैन । तपाईंको असल सल्लाहकारले तपाईंलाई यो पनि सिकाउँदो हो- गल्ती र कमजोरी धेरै गरिएको छ । व्यावहारिक र नीतिगत सीप पुगेन । राजनीतिक व्यवहार गर्न जानिएन । स्टेट र पार्टीलाई कर्पोरेट इन्फेक्सन भो, सुधार्न चाहन्छौं भन्नु थियो । तपाईंलाई यो बुढेसकालमा गलत देखिन नपरोस् भन्ने छ, तपाईंलाई सही थापेर आफू बनियाँ बन्नेको घेरामा परेको प्रस्टै हुन्छ । खैर, तपाईंको काम तपाईंको जिम्मा । तर ठूलो तुक र अर्थको नभए पनि, धेरै बेतुकका कुरा आउन छोड्नू । यसले नयाँ वर्ष अलि राजनीतिक र वैचारिक बहसको मार्गमा जानेछ । आज नेपालले बहाना होइन, नतिजा खोजेको छ र ती नतिजा यो 'डिजाइन डिफेक्ट' भएको मेसिनले निकाल्दैन । यो व्यक्तिगत कुराभन्दा धेरै माथिको प्रश्न हो । तपाईं असफल भए एउटा तपाईंको चित्त दुख्ला तर तपाईंले बिगारेको र थोपरेको सारा कुरा पूरै नेपालले भोग्नुपर्छ । नयाँ वर्षमा नयाँ युग आउँदैछ, तरिका नफेरी तथ्य फेरिन्न ।

यो दलालको घेराबन्दीभित्रको सत्ताबारे बुझेपछि, आफू प्रधानमन्त्री नभएको भए तपाईं पनि लड्न तयार हुनुहुन्छजस्तो लाग्छ ।

# इन्जिनियरिङ कलेजको सम्पत्ति हडप्न खोज्नेहरुलाई अर्को झड्का, छानबिन नरोक : सर्वोच्च

■ **रातो खबर संवाददाता**/काठमाडौं

भक्तपुरको दुवाकोटस्थित नेपाली इन्जिनियरिङ कलेजको सम्पत्ति दुरुपयोग भइरहेको आवाज उठेपछि छानबिन भइरहेकै समयमा सम्पत्ति हिनामिना गर्ने पक्षले छानबिन नगराउन माग गर्दै सर्वोच्चमा दिएको निवेदनमा निवेदकको आशयविपरीत छानबिन रोक्नु नपर्ने आदेश भएको छ । यो आदेशपछि अख्तियारका आयुक्तलाई समेत घूस ख्वाएर गम्भीर विवादमा मुछिएको पक्षको स्वार्थमा ठूलो झड्का लागेको छ ।

सर्वोच्च अदालतले यही वैशाख २ गते नेपाल इन्जिनियरिङ कलेज दुवाकोट भक्तपुरको अनियमितताबारे सङ्घीय संसद्ले गरिरहेको छानबिन रोक्नु नपर्ने आदेश गरेको हो । न्यायाधीश ईश्वरीप्रसाद खतिवडा र तेजबहादुर के.सी.को संयुक्त इजलासले कलेजमो भइरहेको अनियमिततामाथि छानबिन गर्नु नपर्ने भन्दै परेको रिट निवेदनमाथि सुनुवाइ गर्दै छानबिन रोक्नु नपर्ने आदेश गरेको हो । कलेज संस्थापकमध्येका एक उपेन्द्र गौतमले कलेजमा भइरहेको छानबिन सङ्घीय संसद्ले छानबिन गर्न क्षेत्राधिकारभित्र नपर्ने भन्दै रोक्न माग गरी अन्तरिम आदेश माग गरेका थिए । उनले मागेको अन्तरिम आदेश दिन सर्वोच्चले अस्वीकार गरेको छ ।



'छानबिन गर्ने सम्बन्धमा पत्राचार भएको देखिन्छ । सर्वाधिक महत्वका शैक्षिक प्रतिष्ठानको कामकारबाहीमा अनियमितता भएनभएको छानबिन गर्न आवश्यक र स्वाभाविक हुने देखिएको' सर्वोच्चको आदेशमा उल्लेख छ, निवेदकले उठाएका कानुनी प्रश्न निवेदनको अन्तरिम सुनुवाइका सन्दर्भमा निरूपण गर्न उपयुक्त हुने प्रकृतिको देखियो ।

सङ्घीय संसद्लाई विपक्षी बनाई दर्ता गरेको रिट निवेदनमा सङ्घीय संसद्को क्षेत्राधिकारको प्रश्न उठाएका निवेदकलाई सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । इन्जिनियरिङ कलेजमा भएको अनियमितताबारे सङ्घीय संसद् र शिक्षा मन्त्रालयले दुई समिति गठन गरी छानबिन गरिरहेका छन् । कलेजमा भएको आर्थिक अनियमितता र कलेज सञ्चालकको मोडालिटीबारे मन्त्रालयबाट गठित दुईवटा समितिले छानबिन गरिरहेका हुन् । छानबिन नै रोक्न माग राखेर कलेज सञ्चालकमध्येका गौतमले अन्तरिम आदेश माग्दै रिट निवेदन दर्ता गरेका थिए । नेपाल इन्जिनियरिङ कलेजको सम्पत्ति निजीकरण गर्ने प्रयास असफल भएपछि भ्रष्टाचार प्रकरणमा मुछिएर फरार रहेका कलेज सञ्चालकमध्येका एक लम्बोदर न्यौपानेको समर्थक रहेका गौतमले निवेदन दर्ता गरेका हुन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठकलाई ७८ लाख घुस ख्वाएपछि भ्रष्टाचार मुद्दा लागेका फरार न्यौपानेलाई बचाउन कलेज निजीकरण पक्षधरमध्येका गौतम सक्रिय बनिरहेका छन् । कलेज संस्थापकमध्येका गौतमले लम्बोदर कलेज निजीकरणको प्रोत्साहनका लागि लागेका छन् । लम्बोदरलाई जोगाउन गौतमले दौडधुप थालेका हुन् ।

गौतमले पछिल्लो समय सङ्घीय संसद्को कामकारबाहीलाई चुनौती दिँदै नेपाल इन्जिनियरिङ कलेजको कागजात दुरुपयोग गर्दै कलेजका तर्फबाट भने रिट निवेदन दर्ता गरेको प्रिन्सिपल हरिकृष्ण श्रेष्ठले बताए । इन्जिनियरिङ कलेज संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएको संस्था हो । सामाजिक संस्थालाई निजीकरण हुनबाट बचाउनका लागि रातो खबर साप्ताहिकले निरन्तर समाचार सम्प्रेषण गर्दै आएको छ ।

शुभकामना
नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा
सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु
एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
INTERNATIONAL
JOB LINK PVT.LTD.
Chakrapath, Maharajgunj, Kathmandu
Tel : 01-4016120, 4016201
email : info@intljoblink.com.np, hellorajz@gmail.com
www.intljoblink.com.np

शुभकामना
नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सिद्धार्थ गौतम ओभरसिज प्रा.लि.
नारायणगोपाल चोक, चक्रपथ, काठमाडौं

जनताको जलविद्युत कार्यक्रम
सान्जेन जलविद्युत कम्पनी लिमिटेड
SANJEN JALAVIDHYUT COMPANY LIMITED
महाराजगंज, काठमाडौं फोन नं. ०१-४३७४२७५, फ्याक्स नं. ०१-४३७५३१९
URL: www.sjcl.com.np, email: sanjenhcl@gmail.com

साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

सान्जेन जलविद्युत कम्पनी लिमिटेडद्धारा निर्माणाधिन **सान्जेन माथिल्लो (१४.८ मे.वा.) तथा सान्जेन जलविद्युत आयोजना (४२.५ मे.वा.)** को लागि कम्पनीको प्रति साधारण शेयर १००/- अंकित दरका ५४,७५,००० कित्ता मध्ये ५ प्रतिशत अर्थात २,७३,७५० कित्ता साधारण शेयरहरू सामूहिक लगानी कोषको लागि तथा ४ प्रतिशत अर्थात २,१९,००० कित्ता साधारण शेयरहरू कम्पनीका कर्मचारीहरूलाई संरक्षण गरिएको र बाँकी ४९,८२,२५० कित्ता साधारण शेयरहरू **मिति २०७६ वैशाख ०६ गते शुक्रबारदेखि** सर्वसाधारणहरूमा निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा संम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

विशेष अनुरोध: नेपाल सरकार जनताको जलविद्युत कार्यक्रम अनुसार जनताको अधिकतम सहभागिताको लागि C-ASBA प्रणालीमा शेयर आवदेन गर्ने हालको व्यवस्था बमोजिम DMAT खाता र CRN नम्बर लिई शेयर आवेदनमा सहभागी हुन अनुरोध छ ।

| विवरण | वास्तविक | | | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ | आ.ब. ०७८/०७९ | आ.ब. ०७९/०८० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९७ | ९५.२ | ९६.३२ | ९६.०५ | १०२.८४ | ११३.७० | १२७.२१ | १३८.४२ |
| प्रति शेयर आम्दानी (रु.) | (०.१४) | (२.२४) | (०.२६) | (१.३७) | ६.७९ | २०.८७ | २३.५० | २६.२१ |

दुवै आयोजनाको कुल लागत आयोजना सम्पन्न हुने अवधिसम्म IDC सहित ८ अर्ब ६५ करोड रहेको र प्रति मेगावाट लागत १५ करोड ९ लाख रहेको छ ।
लगानीको Normal Pay Back Period ६.७ वर्ष तथा Discounted Pay Back Period १०.४ वर्ष रहेको छ ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :
कम्पनीको सर्वसाधारण तर्फको शेयर निष्काशनका लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई "**ईक्रा एनपि आईपिओ ग्रेड ४+**" प्रमाणपत्र प्राप्त गरेको छ । यस कम्पनीले "**ईक्रा एनपि आईपिओ ग्रेड ४+**" Below-average fundamentals प्रमाणपत्र पाएको छ । साथै, +(Plus) चिन्हले "Better position within the grading categories concerned" भन्ने जनाउँछ ।

दरखास्त दिनुपर्ने न्यूनतम शेयर : १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर : २,००० कित्ता

| सि.नं. | दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आश्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरू र तिनका तोकिएका शाखा कार्यालयहरू तथा CDSC को Mero Share बाट पनि आवेदन दिन सकिनेछ । |

साधारण शेयरको निष्काशन खुल्ला तथा बन्द मिति
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७६/०१/१० गते बैंकिङ्ग समय पश्चात्
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७६/०२/०५ गते बैंकिङ्ग समय पश्चात्

धितोपत्रको नियमावली अनुसार कम्पनीको यस अधिको शेयर निष्काशनबाट शेयर प्राप्त गरिसकेका र आयोजना प्रभावित रसुवा जिल्लावासीको लागि पछि शेयर निष्काशन गरिने हुँदा यस निष्काशनमा सहभागी हुन पाउने छैनन् ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारी मिति २०७५ चैत्र २६ गतेको "गोरखापत्र राष्ट्रिय दैनिक" मा प्रकाशित आव्हान-पत्र तथा तत् सम्बन्धि विस्तृत विवरण कम्पनी, धितोपत्र निष्काशन/ सह-निष्काशन तथा बिक्री प्रबन्धक र निजहरुको website बाट समेत प्राप्त गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
नागरिक लगानी कोष
नयाँ बानेश्वर, काठमाण्डौ ।
सह-निष्काशन तथा बिक्री प्रबन्धक:
सनराइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
NMB CAPITAL LIMITED
एनएमबि क्यापिटल लिमिटेड

# सरकारविरोधी कित्तामा देउवा, किरणदेखि किराँतीसम्म

कम्युनिस्ट नामको वर्तमान सरकार तानाशाही र दमनकारी भएको भन्दै सत्ताबाहिरका राजनीतिक दलहरूले सरकारविरुद्ध संयुक्त आन्दोलन गर्ने उद्घोष गरेका छन् । शुक्रबार ११ विद्यार्थी सङ्गठनको आयोजनामा काठमाडौँमा आयोजित समसामयिक राजनीति र विद्यार्थी आन्दोलनविषयक विचारगोष्ठीमा सहभागी नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' लगायत विभिन्न पार्टीका नेताहरूले सरकारविरोधी आन्दोलन थाल्ने बताएका हुन् ।

कार्यक्रममा राष्ट्रिय जनता पार्टीका अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतो, नेकपा मालेका महासचिव सीपी मैनाली, नयाँ शक्ति पार्टीका प्रवक्ता डम्बर खतिवडा, पुनर्गठित माओवादी केन्द्रका अध्यक्ष गोपाल किराँती, नेकपाका नेता ऋषि कट्टेल, पूर्वबाईसीएल नेता चन्द्रबहादुर थापालगायतले सरकार तानाशाही र निरङ्कुश बन्दै गएको भन्दै सरकारविरोधी आन्दोलन सञ्चालन गर्ने बताएका हुन् ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले सरकारविरुद्ध आन्दोलन गर्न युवा विद्यार्थीलाई आह्वान गरे । पूर्वप्रधानमन्त्री देउवाले केपी वली नेतृत्वको वर्तमान सरकारले जताततै हस्तक्षेप गरिरहेको उल्लेख गर्दै त्यसको विरोधमा आन्दोलन गर्न आफ्नो पार्टी तयार रहेको पनि स्पष्ट पारे । उनले सरकारको अधिनायकवादी चरित्रविरुद्ध सत्ताबाहिरका राजनीतिक दलले मोर्चाबन्दी गरेर जानुपर्ने बताए । देउवाले वली नेतृत्वको सरकार विप्लव नेतृत्वको नेकपासँग वार्ता गर्नुको साटो धरपकड गर्दैछ तर देश टुक्र्याउने भन्दै हिँड्ने सीके राउतसँग वार्ता गरेर जनमतसङ्ग्रह भन्छ । कहाँ छ यिनको राष्ट्रवाद ? कहाँ छ देशभक्ति ?' भन्दै सरकारलाई प्रश्न गरे ।

संवैधानिक परिषद्को बैठक बोलाएर संवैधानिक निकायको पदाधिकारीसमेत एकलौटी ढङ्गले निर्णय लिने काम गरेको भन्दै काङ्ग्रेस सभापति देउवाले प्रधानमन्त्री केपी वलीको चर्को आलोचना गरे ।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले वर्तमान सरकार फासिवादतर्फ उन्मुख रहेको बताए । महासचिव वैद्यले केपी वली नेतृत्वको वर्तमान सरकारलाई कम्युनिस्ट नेतृत्वको सरकार भन्ने नमिल्ने दाबी गर्दै भनेका छन्, 'वर्तमान सरकार कम्युनिस्टको सरकार होइन । साथै केपी वली कम्युनिस्ट हुनै सक्दैनन् । उनको उखान र टुक्काका हिसाबले भन्ने हो भने जुन गोरुको सिङ छैन उसको नाम तिखे भनेजस्तै हो । सरकार चलाइरहेकाहरू कम्युनिस्ट पनि होइनन् । लोकतान्त्रिक पनि होइनन् । उनीहरू दलाल र फासिवादी हुन् ।'

वैद्यले सीके राउत र सरकारबीच भएको सम्झौतामाथि प्रश्न उठाउँदै आफ्नै पार्टीलाई समेत थाहा नदिई प्रधानमन्त्री वलीले सीकेसँग गरेको सम्झौता रहस्यमय भएको बताए ।

यस्तै महासचिव वैद्यले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाउने निर्णय पुनर्विचार गर्न पनि सरकारलाई दबाब दिए । महासचिव किरणले नेकपालाई राजनीतिक व्यवहार गर्न पनि सरकारको गम्भीर ध्यानाकर्षण गराए ।

यस्तै नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेलले विप्लवमाथि प्रतिबन्ध लगाएर सरकारले फासिवादी चरित्र प्रस्तुत गरेको बताएका छन् । उनले यथाशीघ्र विप्लवमाथिको प्रतिबन्ध हटाउन सरकारसँग माग गरेका छन् । उनले भने, 'विद्यार्थी सङ्गठनहरू सरकारको फासिवादका विरुद्धमा लाग्नुहोस् । हिजो पनि मुलुकको विभिन्न आन्दोलनमा तपाईंहरूको महत्वपूर्ण योगदान रहेको छ । अहिले देश वलीतन्त्रको नियन्त्रणमा छ । सरकार माफिया, दलालहरूसँग लेनदेनमा लिप्त छ । तपाईंहरू जाग्ने बेला आएको छ ।'

कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा मालेका महासचिव सीपी मैनालीले सरकारका जनविरोधी कदमविरुद्ध लड्न सत्ताबाहिरका सबै राजनीतिक दलले साझा धारणा बनाउनुपर्ने बताए । उनले सरकार सञ्चालन गरिरहेको पार्टीका नेताहरूमा विचार र सिद्धान्त नरहेको आरोप लगाए ।

उनले भने, 'यो सरकार उभयलिङ्गीजस्तो छ । यो सरकारको नाममा नभुलौँ । यो छिर्केमिर्के राष्ट्रवादी पार्टी हो । यो न कम्युनिस्ट हो, न त लोकतान्त्रिक हो ।' उनले सरकार सत्ता जोगाउन नागरिकता वितरणको खेलमा लागेको समेत बताए ।

यस्तै नेकपा माओवादी केन्द्रका अध्यक्ष गोपाली किराँतीले वर्तमान सरकारविरुद्ध आन्दोलनको विकल्प नरहेको बताए । उनले भने, 'सत्ताबाहिर रहेका सबै राजनीतिक दलहरू मिलेर खड्गप्रसाद वली सरकारविरुद्ध लाग्नुपर्ने बेला आएको छ । प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा र मोहन वैद्यले यसको अगुवाइ गर्नुपर्छ । यो सरकार २ महिनामै ढल्छ ।' नेता किराँतीले सबै विद्यार्थी सङ्गठनलाई विप्लव नेतृत्वको नेकपाले वैशाख ५ गते घोषणा गरेको नेपाल बन्दमा साथ र समर्थन दिन आग्रह गरे ।

## वैशाख ५ गते ...

सचेत बनौँ । पुँजीवाद–दलाल पुँजीवाद रहेसम्म न जनता मुक्त हुनेछन्, न त सुखी र समृद्ध नै हुनेछन् । यी सबै कुरा दलाल वर्गका थैली भर्ने फटयाईं मात्र हुन् । यस्ता नयाँ जोगीहरूको उचालाामा लागेर सेना–प्रहरीहरूका जवान र अफिसरहरू पनि धेरै चकचक नगरौँ । तसर्थ आउनुहोस् जनसमुदाय मुक्ति, अधिकार र स्वाधीनताका लागि सारा एक हौँ र केपी वली सरकारको फासिवादी दमनको प्रतिरोध गरौँ ।'

अपिलमा केपी सरकारको चरित्रलाई पनि उदाङ्गो पारिएको छ । त्यहाँ भनिएको छ, 'केपी वली सरकार आएपछि कति जनघाती–राष्ट्रघाती अपराध र काण्डहरू भए । खै सुन तस्करहरूको हिसाब, खै ठूलो जहाज काण्डको ६ अर्ब रुपैयाँ, खै चिनी काण्डका अपराधीहरू, खै एनसेलकाण्ड रच्ने कमिसनखोरहरू, खै बूढीगण्डकीका कमिसनखोरहरू, खै निर्मलाका बलात्कारी र हत्याराहरू, खै अरुण तीन र माथिल्लो कर्णालीलाई बेचेर खानेहरू ? खै प्रहरी–प्रशासनलाई घूसखोरी, चाकरी–चाप्लुसीमा फसाएर इमानदारलाई कारबाही र ठगलाई पुरस्कृत गर्ने फटाहाहरू ? भाषणमा त केपी वलीले भ्रष्टाचार गर्दिनँ र गर्न दिन्नँ भनेको होइन ?! आज के हुँदैछ जनसमुदाय ? केपी बस्ने बालुवाटारसमेत बेचेर खाने, आफ्नो नाममा बनाउने विष्णु पौडेलहरूलाई के भयो ? तारागाउँको सयौँ रोपनी जमिन लिलाम गरेर खानेहरूलाई के भयो ? भ्रष्टाचारको छानबिन गर्ने भन्ने अख्तियारका भ्रष्टाचारीहरूलाई के भयो ? के यो केपीको पाखण्डी, निकृष्ट र अधमपन होइन ? यो त 'मुखमा रामराम, बगलीमा छुरा' भनेको भएन ? म भ्रष्टाचारमा डुब्छु र अरूलाई पनि भ्रष्टाचारमै बगाउँछु भनेको भएन ?! यी अपराधी त उल्टो हामीलाई गोली हान्ने आदेश दिँदै पो हिँडेका छन् त ! अनि यस्ता अपराधीहरूलाई कारबाही हुनुपर्छ र यो सत्ताको ठाउँमा वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्छ भन्दा हामीमाथि प्रतिबन्ध लगाउनुपर्छ ? जनताले नै भन्नुस्, प्रतिबन्ध हामीलाई कि देश डुबाउने, जनता कङ्गाल बनाउने, जनतामाथि दमन गर्ने र राजनीतिक अधिकार नै खोस्ने भ्रष्ट, तस्कर, कमिसनखोर, दलाल केपी सरकारमाथि लगाउने ?'

आफ्नो पार्टी देश र जनताका पक्षमा लड्दै आएको उल्लेख गर्दै अपिलमा भनिएको छ, 'हाम्रो पार्टी श्रमिक जनता मजदुर किसानको अधिकारका लागि लड्ने पार्टी हो । सारा देशलाई माया गर्ने देशभक्त, लोकतन्त्रवादी, वामपन्थी शक्तिहरूको नेतृत्व गर्न तयार पार्टी हो । हामीलाई वास्तवमै देशको स्वाधीनता, जनताको पूर्ण मुक्ति र अधिकारबाहेक केही चाहिएको छैन । हामीले नेपाली क्रान्तिका अनेकौँ तीतामीठा, सफल–असफल शिक्षाहरूसहित एकीकृत जनक्रान्तिलाई अगाडि बढाएका छौँ । हामीले २००७ साल, २०२८ साल र २०५२ सालका विद्रोह र जनयुद्धमा साथ दिने, भाग लिने जनताका बलिदान, आशा अपेक्षालाई बुझेर, काङ्ग्रेस, केपी वली, प्रचण्डहरूसम्मका धोका, बेइमानीलाई पचाएर देशको शासन सत्ता परिवर्तन गर्ने अठोटका साथ यो कदम उठाएका छौँ ।'

## सर्वोच्च अदालतमा ...

आफ्नो रिहाइको माग गर्दै दायर गरिएको रिट खारेज हुने निश्चित देखेपछि सुदर्शनले थप भने, 'मार्क्सले पुँजीमा उल्लेख गर्नुभएको छ– कहिल्यै पनि कानुनले क्रान्ति गर्दैन, क्रान्तिले कानुन बनाउँछ । यो कानुन पनि अहिले क्रान्तिले बनाएको हो ।' उनले थप भने, 'हामीलाई काभ्रेको खानीखोलाबाट पक्राउ गरिएको थियो । हाम्रो झोलामा केही थान किताब, डायरी र कम्प्युटर थिए तर ललितपुरको ठेचो आइपुगेपछि दासमा झोलामा 'मेड इन जापान' भनेर लेखिएको पेस्तोल भेटिएको भनी झूटो प्रचार गरियो । त्यो दिन मेड इन जापान लेखिएको पेस्तोल भइदिएको भए त त्यसबेला परिस्थिति भिन्नै हुनसक्थ्यो ।'

सर्वोच्च अदालतमा नेता सुदर्शनले दिएको बयान उनकै शब्दमा–

म २ वटा कुरा मात्रै यो अदालतसमक्ष राख्छु । म पहिलो कुरा हाम्रो सम्बद्ध पार्टीका विषयमा राख्न चाहन्छु । हाम्रो पार्टीको समग्र परिचयका बारेमा राख्न चाहन्छु । दोस्रो कुरा र विषय जुनचाहिँ विस्फोटक पदार्थ र पेस्तोलसेस्तोल जो भिडाइएको छ म त्यस विषयमा राख्न चाहन्छु ।

पहिलो कुरा त हाम्रो पार्टीका विषयमा केही भ्रम छन् । मलाई यहाँसम्म आउँदाखेरि मानिसहरूले पुलिसलाई पनि सोध्ने प्रश्नचाहिँ विप्लवलाई लिएर आउनुभयो भनेर भन्ने यो भ्रम छ । र कसैले नेकपा चन्द भन्छन्, कसैले नेकपा विप्लव भन्छन् । हाम्रो पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी हो । यो २००६ सालमा पुष्पलालले गठन गरेको कम्युनिस्ट पार्टीको विकसित रूप हो । त्यसपछि अर्को पार्टी जुन छ नेकपा भनेर कोष्ठमा लेख्ने त्यो नक्कली पार्टी हो । त्यसकारण त्यो पार्टीले नेकपा लेख्न पाउँदैन भन्ने पनि मेरो उजुरी छ । त्यसपछि म के भन्न चाहन्छु भने यो पार्टी भनेको र यसको मार्गनिर्देशक सिद्धान्त भनेको मार्क्सवाद, लेनिनवाद, माओवाद हो । यसको मार्गनिर्देशक सिद्धान्त त्यो भएपछि यसको दर्शन भनेको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यसको दर्शन भनेको दक्षिणकोरियाको हाक जा हानमुनको होली वाइन खाएर क्रिस्चियन बन्ने पार्टी होइन, यो त्यसकारण यसको विपरीत पार्टी हो यो र अध्यात्मवादी पार्टी होइन यो त नास्तिक पार्टी हो, आस्तिक पार्टी होइन । त्यसकारणले हामी जे छ त्यही बोल्छौँ । त्यसैले गर्दाखेरिचाहिँ म यो सर्वोच्च अदालतको यो इजलाससमक्ष के निवेदन गर्न चाहन्छु भने हामी त्यो बाटोमा, अहिले जुन बाटोमा हिँडिरहेका छौँ, त्यो पूरा गरिदिएको भए प्रचण्डजीहरूले, बादलजीहरूले बाटो नबिराएर त्यही बाटोतिरै हिँडिदिएको भए आज हामी यो बाटो हिँड्नुपर्ने थिएन ।

त्यसकारण पहिलो कुरा म उहाँहरूलाई के दोषारोपण गर्न चाहन्छु भने उहाँहरूले मेरी छोरीलगायत सेना–प्रहरीसहित १७ हजारको बलिदानमाथि जे होली खेल्नुभएको छ, जे ऐसआराम गर्नुभएको छ, यसप्रति पनि यो इजलास र यो सर्वोच्च अदालतले हेरोस् र हामीलाई जो दण्डित गर्दैछ हामी दण्डित हुनुपर्ने हो कि यतिबेला उहाँहरू दण्डित हुनुपर्ने हो ? यो कुराचाहिँ विशेष रूपले हेर्नुपर्छ भन्ने मेरो विशेष अनुरोध छ ।

म दोस्रो कुरा के गर्न चाहन्छु भने हामीलाई काभ्रे जिल्लाको खानीखोलामा पक्राउ गरिएको हो । जुन कुरा यहाँ मिसिलमा सबै उल्लेख छ । हामीलाई त्यहाँबाट ९ गते साढे ४ बजे बिहान पक्राउ गरिएको हो । यो घटनालाई सर्वोच्च अदालतले राम्रोसँग हेर्नुपर्छ जस्तो मलाई लाग्छ । अथवा यो इजलासले हेर्नुपर्छ जस्तो लाग्छ । त्यहाँबाट हामी १२ बजे ठेचो आइपुगेका छौँ । त्यहाँ आइपुगेदासम्म हाम्रो झोलामा केही पनि छैन । मेड इन जापान लेखिएको त्यहाँचाहिँ पेस्तोल छ भनेर भनिएको छ । मेड इन जापान लेखिएको त्यो पेस्तोल हुन्थ्यो भने त्यहाँ स्थिति अर्कै हुनसक्थ्यो । आज म यसलाई के तुलना गर्छु भने पहिले पनि २०५५ सालको माघ २९ गते मलाई बाजुराको दोगडीबाट पक्राउ गरिएको थियो । भोलिपल्ट फागुन १ गते तेस्रो जनयुद्ध दिवस थियो । त्यतिबेला जनयुद्ध सुरु भएको तीन वर्ष लाग्दै थियो । त्यतिबेला मेरो झोलामा जिलेटिन हालिएको थियो । झूट्ठा मुद्दा लगाइएको थियो । आज त्यही दोहोऱ्याइँदैछ फेरि । त्यसो भए मैले १८४४ मा मार्क्सले भन्नुभएको कुरालाई फेरि सम्झनुपर्ने हुन्छ । त्यसलाई आत्मसात गर्नुपर्ने हुन्छ । त्यो के हो भने, 'आलोचनाको हतियारले वास्तवमा हतियारको आलोचनालाई प्रतिस्थापन गर्न सक्दैन, भौतिक शक्तिलाई भौतिक शक्तिले नै ढाल्नुपर्दछ । मार्क्सले पुँजीमा उल्लेख गर्नुभएको छ– 'कहिल्यै पनि कानुनले क्रान्ति गर्दैन बरु क्रान्तिले कानुन बनाउँछ ।' यो कानुन पनि अहिले क्रान्तिले बनाएको हो । अब मैले त्यही सम्झनुपर्ने हुन्छ ।

त्यसकारण हामीले जुनखालको रगत–पसिना बगाएर यो उपलब्धि प्राप्त गरेका छौँ तर आज आएर जसरी हाम्रो हातमा हतकडी लगाइएको छ र आज जाली तमसुक गराइएको छ । हामीलाई कालो चस्मा लगाएर सीबीआईले कहाँ लग्यो थाहा थिएन । पछि थाहा भयो, म २०४५ सालमा पटकपटक हिरासतमा पर्दाको त्यही महेन्द्र पुलिस क्लबमा लगिएको रहेछ । सहरभरि घुमाएर कालोपट्टी बाँधेर कहाँ लगियो थाहा छैन । पञ्चायत ढाल्दा पनि म बारम्बार हिरासत परेको थिएँ । त्यसपछि जनयुद्धको बेला ३ वर्ष जेल बसेँ । अहिले भर्खरै पोहोर साल पनि विराटनगरमा पक्राउ परेर हिरासत बसेको थिएँ । त्यसकारणले गर्दाखेरि म यहाँ के निवेदन पेस गर्न चाहन्छु भने यो सत्यतथ्यचाहिँ खोज गरियोस् र झूटो आरोप लगाइयो भने मैले त्यही कुरा सम्झनुपर्ने हुन्छ, 'कहिल्यै पनि कानुनले क्रान्ति गर्दैन, बरु क्रान्तिले कानुन बनाउँछ ।'

# नेकपामाथिको प्रतिबन्ध हटाउन सरकारलाई अन्तर्राष्ट्रिय दबाब

**काठमाडौँ** : अस्ट्रेलियाको कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) ले विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीमाथि केपी सरकारले लगाएको प्रतिबन्ध हटाउनका लागि पत्र पठाएको छ । अस्ट्रेलिया कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) का अध्यक्ष निक जीले २७ मार्च २०१९ मा प्रधानमन्त्री केपी वलीका नाममा लेखेको पत्रमा भनिएको छ, 'हामी आदरपूर्वक अनुरोध गर्दछौँ, नेत्रविक्रम चन्द 'विप्लव' ले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीका क्रियाकलापमाथि लगाएको प्रतिबन्धलाई हटाइयोस् । नेपाल कम्युनिस्ट पार्टीलाई कानुनी मान्यता दिइयोस् र उक्त पार्टीका थुना र जेलमा परेका सबै नेता–कार्यताहरूलाई रिहा गरियोस् ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'नेपालमा सञ्चालित जनयुद्धले देशीविदेशी प्रतिक्रियावादी, नकारात्मक विदेशी हस्तक्षेप, भ्रष्टाचारबाट मुक्त गर्ने लक्ष्य लिएको थियो । साम्राज्यवाद, सामाजिक साम्राज्यवाद र क्षेत्रीय विस्तारवादका विरुद्ध लडेको पार्टीका विरुद्ध कम्युनिस्ट पार्टीले कसरी दमन चलाएको छ ?' पत्रमा अगाडि भनिएको छ, 'हामी नेपाल सरकारलाई नेपाल कम्युनिस्ट पार्टीसँग अर्थपूर्ण वार्ता गरेर नेपालको सार्वभौमिकता, स्वतन्त्रता र नेपाली जनताको जनवादी अधिकारलाई अझ सुदृढ गर्ने सामाजिक अभिलाशा पूरा होस् भन्ने अपेक्षा राख्दछौँ ।'

# दमनले क्रान्ति रोकिँदैन : मिलन

**हेटौँडा** : नेपाल कम्युनिस्ट पार्टी नारायणी ब्युरोले उक्त पार्टीका नारायणी ब्युरो सदस्य तथा मकवानपुर इन्चार्ज वीरबहादुर घलान 'ज्वाला' र जिल्ला समिति सदस्य आकाश लामालाई गिरफ्तार गरिएकोमा आपत्ति जनाएको छ । उक्त ब्युरोका इन्चार्ज मिलनले शुक्रबार प्रेसविज्ञप्ति जारी गरी बिनाकारण आफ्नो पार्टीका नेता–कार्यकर्ता गिरफ्तार गरिएको भन्दै बिनासर्त रिहाइको माग गरेका छन् । मिलनको विज्ञप्तिमा हेटौँडा उपमहानगरपालिका ८ फायरलाइनबाट इन्चार्ज घलान र जिल्ला सदस्य लामालाई अपहरण शैलीमा गिरफ्तार गरिएको भन्दै गिरफ्तारीप्रति विरोध र निन्दा गरिएको छ ।

पार्टी कामको सिलसिलामा हिँडिरहेको अवस्थामा उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको भन्दै इन्चार्ज मिलनले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टी नारायणी ब्युरो गिरफ्तार गरिएका क. ज्वाला र क. आकाशलाई बिनासर्त तत्काल रिहाइको माग गर्दछ । अन्यथा यस्ता षड्यन्त्र र दमनको सशक्त प्रतिवाद गर्न पार्टी बाध्य हुने र त्यसबाट उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी पनि सम्बन्धित पक्ष नै हुनेछ । केपी–प्रचण्ड सरकारले केही समयदेखि नेपाल कम्युनिस्ट पार्टीमाथि फासिस्ट दमन अभियान तीव्र बनाएको छ । दमनले आन्दोलन रोकिँदैन बरु क्रान्तिकारीहरूलाई थप उर्जा प्रदान गर्नेछ ।'

विज्ञप्तिमा भनिएको छ, 'दलाल पुँजीवादी सत्ताका राष्ट्रघात, भ्रष्टाचार, तस्करी, बलात्कार, कमिसनखोरी, दलालीका विरुद्ध जारी हाम्रो पार्टीको सङ्घर्षबाट अतालिएको दलाल फासिवादी वर्तमान सरकारले पार्टीका नेता–कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरेर विभिन्न झूट्ठा मुद्दामा फसाउने कार्य बढाएको छ । तर सही विचार र दृष्टिकोणबाट अघि बढेको जनताको आन्दोलनलाई सत्ताको दमनले रोकेको इतिहास कहीँकतै छैन, बरु क्रान्तिकारीहरूलाई झनै दृढ र समर्पित हुन प्रेरित गर्दछ ।'

नेपाल कम्युनिस्ट पार्टीका नारायणी ब्युरो सदस्य तथा मकवानपुर इन्चार्ज वीरबहादुर घलान 'ज्वाला' सहित २ जनालाई प्रहरीले बिहीबार साँझ गिरफ्तार गरेको हो । हेटौँडा उपमहानगरपालिका–८ फायरलाइनबाट प्रहरीले सवारीसाधन चेकिङ गर्ने क्रममा मोटरसाइकलमा रहेका ज्वालासहित अर्का एकजनालाई पक्राउ गरेको हो । यसअघि नै मकवानपुर प्रहरीले नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ता भएको आरोपमा चारजनालाई पक्राउ गरेर हिरासतमा राखी विभिन्न मुद्दा चलाएको छ ।

# नेकपाका जाजरकोट इन्चार्ज र बझाङका सेक्रेटरी गिरफ्तार

नेपाल कम्युनिस्ट पार्टीका बझाङ जिल्लाका सचिव भरत मल्ललाई प्रहरीले गिरफ्तार गरेको छ । शुक्रबार दिउँसो ३ बजे बिथ्थडचिर गाउँपालिकाको स्याँडी प्रहरी चौकीका प्रहरीले मल्ललाई पक्राउ गरेको जानकारी स्रोतले दिएको छ । मल्ललाई सदरमुकाम चैनपुरमा राखिएको छ । प्रहरीले सवारीसाधन जाँच गर्ने क्रममा बिथ्थडचिर गाउँपालिकानजिकै रहेको स्याँडी प्रहरी चौकी नजिकैबाट मल्ललाई पक्राउ गरेको हो । कैलालीबाट घर आउँदै गर्दा मल्ललाई पक्राउ गरिएको हो ।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीका जाजरकोट इन्चार्ज वीरबहादुर खड्का 'क्षितिज' लाई पनि प्रहरीले गिरफ्तार गरेको छ । जाजरकोट सदरमुकाम खलङ्गाको थाप्लेमा रहेको उनकै घरबाट खड्कालाई प्रहरीले बुधबार साँझ पक्राउ गरेको हो । उनलाई बिनाकारण गिरफ्तार गरेको भन्दै नेकपा जाजरकोटले विरोध गरेको छ ।

**सत्ताधारी नेकपाका केन्द्रीय सदस्यसहित २२ जना विद्रोही नेकपामा**

**झापा** : सरकारले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई प्रतिबन्ध लगाएर दमन गरिरहँदा झापामा भने केपी–प्रचण्डका नेता–कार्यकर्ता विद्रोही नेकपामा प्रवेश गरेका छन् । सरकारको नेतृत्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नक्कली कम्युनिस्ट पार्टी भएको भन्दै झापाबाट नेता–कार्यकर्ता विप्लव नेतृत्वको नेकपामा प्रवेश गरेका छन् । झापाबाट नेकपाका केन्द्रीय सदस्यसहित २२ जना नेता–कार्यकर्ता विप्लव नेतृत्वको नेकपामा प्रवेश गरेको बताइएको छ । उनीहरूले क्रान्ति सम्पन्न गर्न नेकपामा प्रवेश गरेको बताएका छन् ।

प्रवेश गर्नेहरूमा पूर्वमाकेका केन्द्रीय सदस्य टीका पोखेलले पार्टी आन्दोलनमा पूर्णकालीन भएरै लाग्ने भन्दै प्रतिबद्धता व्यक्त गरे । अन्य नेता–कार्यकर्ताहरूले आआफ्नो ठाउँबाट विभिन्न मोर्चा र सङ्गठनमा रहेर पार्टीको काम गर्ने बताएका छन् । यस्तै पूर्वएमालेका युवा सङ्घका केन्द्रीय सदस्य कुमार शर्माले केही पूर्णकालीन भई काम गर्ने बताए । टीका पोखेल २०५३ सालबाट जनयुद्धमा निरन्तर काम गर्ने इमानदार र सक्रिय नेता हुन् । उनले पटकपटक जेल जीवन बिताएका छन् । जनतामा राम्रो आधार भएको मानिएका पोखेलको नेपाल कम्युनिस्ट पार्टीमा प्रवेशले धेरै क्रान्तिकारी जनतामा उत्साह पैदा भएको अन्य प्रवेशीहरूले बताए ।

# कतै गिरफ्तारी कतै खानतलासी

**बिर्तामोड** : झापाबाट नेपाल कम्युनिस्ट पार्टीका दुईजना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको छ । उनीहरूलाई चैत २९ गते शुक्रबार बिर्तामोडस्थित एक होटेलमा बसिरहेको बेला प्रहरीले अपहरणशैलीमा गिरफ्तार गरेको नेकपा मेची ब्युरोले जनाएको छ । गिरफ्तारीमा पर्नेहरूमा पार्टीका मेची ब्युरो सदस्य जितमान राई र अर्का जिल्ला सदस्य असल पन्धाक रहेका छन् । उनीहरूको गिरफ्तारीको विषयलाई लिएर नेकपाको मेची ब्युरो कार्यालय सदस्य प्रमोदले प्रेसविज्ञप्ति प्रकाशित गरी गिरफ्तार गरिएकाहरूको बिनासर्त रिहाइको माग गरेका छन् । साथै रिहा नगरिए सङ्घर्ष गर्ने चेतावनी पनि विज्ञप्तिमार्फत दिइएको छ ।

यसैबीच अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य भीम कठायतको सुर्खेतस्थित घरमा प्रहरीले छापामारेको छ । हतियारधारी चारजनाको टोलीले घरमा नसोधी सीधै कोठामै छिरेर खानतलासी गरेको बताइएको छ । छापामार्ने क्रममा प्रहरीले कोठाका सामानहरू जथाभावी फालिदिएको छ भने घरमा केटाकेटी र अभिभावकलाई धम्की दिएको छ । स्थानीय बासिन्दाले हतियारसहित प्रहरी गाउँमा छिरेर आफूहरूलाई आतङ्कित पारेको भन्दै आपत्ति जनाएका छन् । एक स्थानीयले प्रहरी गाउँमा कुनै समस्या वा घटना भएको बेला नआएको तर अनावश्यक रूपमा आउनु गलत भएको बताए ।

# जनसरकार प्रमुखसहित दुईजना गिरफ्तार

प्रहरीले कैलालीको बर्दगोरिया गाउँपालिकाका जनसरकार प्रमुखसहित २ जनालाई गिरफ्तार गरेको छ । गिरफ्तारीमा पर्नेहरूमा जनसरकार प्रमुख अमर बम र क्रान्तिकारी किसान सङ्घ कैलालीका अध्यक्ष उदयराज थापा छन् । उनीहरूलाई प्रहरीले जिल्लाको बर्दगोरिया गाउँपालिकाको बौनिया बजार नजिकैबाट बुधबार दिउँसो पक्राउ गरेको हो । पक्राउ परेका दुवैलाई प्रहरीले अनुसन्धानका लागि भन्दै जिल्ला प्रहरी कार्यालय कैलालीको सदरमुकाममा राखेको छ ।

पुस्तक समीक्षा

# सपनाहरूको लावालस्कर : समकालीन मार्क्सवादी कविता



अशोक सुवेदी

मुलुकमा राजनीतिक मात्र होइन, सांस्कृतिक प्रतिक्रान्तिसमेत भएको छ। मार्क्सवादको जामा लगाएका दलाल पुँजीवादी बुर्ख्वाँचाहरू नक्कली समाजवादको खोटा सिक्का लिएर जनतालाई ढाँटिरहेछन् र देशलाई कङ्गाल पार्दै युवा बेचेर लास भित्र्याइहेका छन्। सपना देख्ने आँखाहरू बन्द गराइरहेका छन् शासकहरू अर्थात् विद्रोही मस्तिष्कमा ताला लगाउन उद्यत छन्। क्रान्तिकारी कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइएको छ र कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूलाई धमाधम गिरफ्तार गर्दै भुठ्ठा मुद्दा लगाएर हिरासत र जेलमा कोचिँदैछ। सपनाहरूको हत्या भइरहेको समयमा क्रान्तिकारी आशावाद बोकेका जीवित स्रष्टाहरूका कविताहरूको सँगालो प्रकाशित भएको छ- 'समकालीन मार्क्सवादी कविता।' यो आजको माग र आवश्यकता हो। अखिल नेपाल लेखक सङ्घ, केन्द्रीय समितिको प्रकाशनमा सार्वजनिक भएको 'समकालीन मार्क्सवादी कविता' युगको आवाज हो। स्वप्नहन्ताहरूका विरुद्ध सपनाहरूको सगरमाथा हो। राष्ट्रघाती र जनघातीहरूका षड्यन्त्र र अत्याचारका विरुद्ध यो देशभक्ति र मुक्तिको दुन्दुभि हो। यो क्रान्तिको दावानल हो। यहाँ केही कविका कविता उद्धरण गरिएको छ।

नेकपाका महासचिवसमेत रहेका स्रष्टा विप्लव वर्तमान सत्ताका विरुद्ध क्रान्तिको दावानल सिर्जना गर्न युवाहरूलाई आह्वान गर्दै 'युगका सभ्य मान्छे' कवितामा भन्छन् :

ओ! युगका सभ्य मान्छे
धर्तीका मालिक
आऊ फेरि उठौँ र लडौँ
मुक्त संसार
साम्यवादका लागि।
जनता हार्दछन्- यो भूट हो
ज्ञान निभ्दछ- यो पनि भूट हो
सत्य छोपिन्छ- मात्र भ्रम हो
के हारेनन् र मालिकहरूले हामीसँग ?
परमेश्वरले पनि त हारेकै हो मान्छेसँग
निराशा- अहँ असम्भव छ
विचार अजरअमर हुन्छ
लूट ढल्छ र मान्छे मुक्त हुन्छ
देखेनौ भूगोल-भूगोलको सीमा पनि त मेट्यौँ
आकाश र धर्ती पनि त जोड्यौँ
आऊ न आऊ फेरि उठौँ र लडौँ
मुक्त संसार साम्यवादका लागि
ओ युगका सभ्य मान्छे
धर्तीका मालिक
आऊ न आऊ फेरि उठौँ र लडौँ
मुक्त संसार साम्यवादका लागि।

मार्क्सवादी कविहरूका कविताको यो पहिलो सङ्ग्रह हो भन्दा पनि हुन्छ। यसअघि जनयुद्धको समयमा तत्कालीन अखिल नेपाल जनसांस्कृतिक सङ्घले अधिकांश जनयुद्धप्रति प्रतिबद्ध र केही छद्महरूका कवितासमेत समावेश गरेर समकालीन कविताहरू शीर्षकमा एउटा सङ्ग्रह प्रकाशनमा ल्याएको थियो। मातृका पोखरेलहरूजस्ता जनयुद्धविरोधीहरूका कविताका कारण उक्त कृति केही आलोच्य पनि बन्यो तर पनि समग्रमा त्यो परिवर्तनका पक्षमै थियो। संस्थागत रूपमा मालेमावादप्रति प्रतिबद्ध र सङ्गठित कविका कविताहरूको भने यो पहिलो प्रकाशन नै हो भने पनि हुन्छ किनकि यस प्रकाशनमा विगतमा झैँ मार्क्सवाद-लेनिनवाद-माओवादविरोधी र एकीकृत जनक्रान्तिविरोधी कविका कविताहरू पर्न पाएका छैनन्। अझ खुसीको कुरा त के छ भने जनयुद्धलाई समाप्त पारेर सामाजिक दलाल पुँजीवादी बनेको प्रचण्डमण्डलीको भक्तिगान गर्ने र न हाँस न बकुल्लाको चाल गर्दै क्रान्ति न संसद्वादको अकर्मण्यतामा फसेका केही स्वघोषित मार्क्सवादी कविहरूले आफूहरूबाहेक यो दुनियाँमा कोही पनि क्रान्तिकारी स्रष्टा छैनन् भनेर असली क्रान्तिकारी स्रष्टाविरुद्ध स्यालहुइयाँ चलाइरहेको समयमा विप्लव, हेमन्तप्रकाश ओली 'सुदर्शन', धर्मेन्द्र बास्तोला 'कञ्चन', अनिल विरही, आरपी तिमिल्सिना, भपेन्द्रराज वैद्यलगायत अग्रज र स्थापित स्रष्टाहरूले लेखेका कविता पनि यस सङ्ग्रहमा समेटिएको छ। प्रचण्डहरूले जनयुद्धको सपनामा आगो सल्काएर सिङ्गो क्रान्तिको भूमि नै खरानी पार्ने दुस्वप्न देखे पनि सपनाहरू साँचिरहेका नयाँ र पुराना विद्रोही स्रष्टाका कविताहरूले नयाँ क्रान्तिका पालुवाहरूको सृष्टि गर्न सम्भव छ भन्ने देखाएका छन्।

हेमन्तप्रकाश ओली 'सुदर्शन' 'कुरूप डोगडीले दायर गरेको मुद्दा' शीर्षक कवितामा भन्छन्-

उपियाँ र उडुसले चुसेर लखतरान भएका जिन्दगीहरूमा
हेमोग्लोबिन र ग्लुकोज चढाउँदै
निद्राको चक्की ख्वाएर बेहोस बनाएका मानिसहरूलाई
सपनाबाट विपनामा ल्याउँदै
युगको धाराप्रवाहप्रति जागरुक बनाउन
अघि बढिरहेको एउटा चेतनावाहक दस्तालाई
कुरूप डोगडीले बन्दुक तेर्स्यायो र सिङ्गो यात्रा रोकेको ठान्यो।
...
विस्फोटक पदार्थ राखेर
भूठ्ठा मुद्दा त चलाइस् ए कुरूप डोगडी।
तर त्यो विस्फोटक तेरै टाउकोमाथि पड्कने कुरा थाहा पाइनस्
मुद्दा त चलाइस् ए हराम डोगडी!
तर परिभ्रमित गरिरहेको पृथ्वीमाथि पनि चलाइस्
तेरो भूठ्ठा मुद्दाले पृथ्वी एक सेकेन्ड पनि रोकिँदैन
मुद्दा त चलाइस् ए नरपिचास डोगडी
तर बूढीगङ्गा बग्न पाइन्न भनेर चलाइस्
जतिसुकै बाँध बाँधे पनि
बूढीगङ्गा कर्णालीमा मिसिएर सागरमा पुगिछाड्नेछ।

ए कुरूप डोगडी
तँ र उनीहरू त वादी-प्रतिवादी भइहाल्यौ
एक दिन सुन्दर डोगडीले
पर्दा च्यातेर गवाही दिनेछ
र अपराधी को हो ?
इतिहासले फैसला सुनाउनेछ।




सम्पादकीय/प्रकाशकीय भूमिकामा भनिएझैँ यस सङ्ग्रहले विशेषगरी तीनवटा मूल सन्दर्भ उठान गरेको छ : प्रथमतः दस वर्षसम्म सञ्चालित जनयुद्ध र जनयुद्धका तत्कालीन नायकहरूले वर्गदुस्मनसँग आत्मसमर्पण गरेपछि एकीकृत जनक्रान्ति कार्यदिशा विकसित भएर कार्यान्वयनको चरणमा रहेको अवधिलाई समकालीनताका रूपमा परिभाषित गरेको छ। राज्यसत्ताको स्वरूप सामन्तवादी, अर्धसामन्तवादी हुँदै दलाल पुँजीवादमा भ्रष्टीकृत यो समयावधि नै प्रस्तुत कविताले बोकेको समकालीनता हो। यसरी हेर्दा २०५० को दशकदेखि २०७० को दशकको मध्य अर्थात् राष्ट्रिय रूपमा दलाल पुँजीवाद र अन्तर्राष्ट्रिय रूपमा भारतीय साम्राज्यवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध सङ्घर्षको समयावधि हो। राष्ट्रिय रूपमा सामन्तवादको केन्द्रीय अभिव्यक्ति राजतन्त्रको अन्त्य, रूपमा सामन्तवादको अन्त्य र गणतन्त्रको स्थापना तर सारतः नयाँ जनवाद र सामन्तवादको स्थान दलाल पुँजीवादले कब्जा गरेको अवस्था र जनयुद्ध सञ्चालन गरेको मूल नेतृत्वले दलाल पुँजीवादलाई आदर्श बनाएर मालेमावादीहरूमाथि सामाजिक फासिवादी, दलाल पुँजीवादी शोषण, दोहन र अत्याचार लादिरहेको समय समकालीनताको परिभाषा बनेको छ। यो मार्क्सवादी विश्लेषण र संश्लेषणमा आधारित रहेको छ। राष्ट्रिय रूपमा दलाल पुँजीवादका विरुद्ध र अन्तर्राष्ट्रिय रूपमा साम्राज्यवाद/उत्तरसाम्राज्यवाद र उत्पीडित राष्ट्र/वर्गबीचको सङ्घर्षको चरण नै समकालीनता हो भन्ने सङ्ग्रहको प्रकाशकीयमा उल्लेख छ।

यही सकालीनता भल्काउनका लागि धर्मेन्द्र बास्तोला 'कञ्चन' को 'परिवर्तन सुनिश्चित भै उदाउनेछ' शीर्षक कविताका केही पदावली हेरौँ-

विगतका गद्दारहरूको बिँडो थामेर
फेरि एकचोटि विश्वासघात गरे पनि
स्वदेशी, विदेशी प्रभुप्रति तिमीले आत्मसमर्पण गरेर
क्रान्तिकै विसर्जन गर्न सयौँ षड्यन्त्र गरे पनि
समाजका अन्तरविरोधहरूले न यो यात्रा रोक्न सक्छ
इतिहासप्रति गरेका अपराधहरूले
न तिमीलाई चैनको जीवन जिउन दिन्छ।
...
परिवर्तन त एउटा नियम हो, अविरल यात्राको
पात्रहरू जन्मन्छन्, हुर्कन्छन्, मर्छन् पनि
कसैको माफीमा तिमीले साफी पाए पनि
जनताको कठघरामा तिमीले उभिनै पर्नेछ
इतिहास मार्न खोज्ने तिमीले, इतिहासमा आफैँ मरेपछि
तिमीले छेकेर किन छेकिन्छ ? तिमीले रोकेर किन रोकिन्छ ?
महान् योद्धाहरू, परिवर्तनका पराक्रमीहरू इतिहासले जन्माउँदै गर्छ
र नेपाली समाजको परिवर्तन सुनिश्चित भै उदाउनेछ।

विगतमा समाजवादी यथार्थवादी सिर्जनाहरूलाई प्रगतिशील वा अलि खुलेर भन्दा प्रगतिवादीसम्म भन्ने चलनजस्तै चलेको थियो। यसो गर्दा मार्क्सवाद, लेनिनवाद र माओवादबाट च्यूत भइसकेका, संशोधनवादी, संसद्वादी र नाउँमा मात्र मार्क्सवाद झुन्ड्याएका तर सिद्धान्त र व्यवहारमा सुधारवादी, यथास्थितिवादी र बुर्जुवाकरण भइसकेकाहरूले पनि आफूलाई प्रगतिशील, प्रगतिवादी वा मार्क्सवादी हुँ भनेर झुक्याएको अवस्था थियो तर अबको मार्क्सवादी स्रष्टा मालेमावादी स्रष्टा हो र हुनुपर्छ भनेर सङ्ग्रहले विशिष्टीकृत गरेको छ। यसअघि विभिन्न किसिमका अन्धविश्वास, रूढि, परम्परावाद, आस्तिकता वा सारमा अध्यात्मवादबाट प्रभावित र त्यससँग सालनाल गाँसिएका स्रष्टाहरूले पनि प्रगतिशीलताका नाउँमा मार्क्सवादको भ्रष्टीकरण गर्ने सुविधा पाइहेका थिए। अब यो सङ्ग्रहको प्रकाशनपछि इतिहास र वर्तमानलाई त्यस किसिमको अवसरवादबाट मुक्ति दिलाउने प्रयास अघि बढ्ने देखिन्छ। तुच्छ स्वार्थमा अल्भिएर गैरमार्क्सवादीलाई पनि मार्क्सवादी पगरी गुथाउने कुप्रथाको पनि अन्त्य हुने देखिन्छ। अबका मार्क्सवादी सिर्जना मालेमावादी सिर्जना हुन् र तिनले मालेमावाद र एकीकृत जनक्रान्तिका माध्यमबाट वैज्ञानिक समाजवाद र साम्यवाद स्थापना गर्ने क्रान्तिका कलपुर्जाको काम गर्नेछन् भन्ने अपेक्षा गर्न सकिन्छ।

स्रष्टा अनिल शर्मा 'विरही' 'दुख्छ' शीर्षकमा लेख्छन्-

दुख्छ
विगत
दुख्छ/आगत झनै
दुख्छ
कोराकतिर
जिउँदै कोलमा
पिसिएका चेपाङहरू
दुख्छन्
गोलीले
झ्याङ्ग्वाल पारिएका
चिउरीका बुटाहरू
दुख्छन्।
शक्तिखोरतिर
कन्टेनरका चाबी दुख्छन्
प्रतीक काका!
तिम्रो रगतसँग
साटेका बन्दुकहरू
तिम्रो क्याप्टेनलाई
दुख्न छोडेपछि
तिमीलाई मात्रै दुखेर
के हुन्छ र!?

पुरानो क्याप्टेन जनयुद्ध अलपत्र छाडेर रगतसँग साटिएका हतियार दुस्मनलाई बुझाउँदै उसकै पाउमा लम्पसार परेपछिको नयाँ यथार्थ अनिल शर्माको कविताले बोलेको छ र नयाँ हतियार बोकेर हिँड्न आह्वान गर्दै खलनायकहरूको कुरूप यथार्थलाई यसरी नाङ्गेझार पारेको छ-

दीपेन्द्र काका!
भन्नुस् न भन्या–
कोराक बौलायो कि क्याप्टेन ?
कोराकलाई दुखेर प्यारीडाँडालाई के हुन्छ र!
बलवान् प्यारीडाँडाले
अयोग्य घोषणा गरिदिन सक्छ
इन्सास खोसेर
जुठा हाडहरू बाँडिदिन सक्छ
धरधरी रोइदिन सक्छ
अप्सराहरूसँग छमछमी नाचिदिन सक्छ
प्यारीडाँडालाई कोसीको कहरभन्दा
लकरको गोपनीयता दुख्छ
दुख्छ/जतातै दुख्छ॥

सङ्ग्रहका कविताहरूले नेपाली समाजको नयाँ वर्गविश्लेषण गर्दै अब स्रष्टाहरूले पनि दलाल पुँजीवादविरुद्ध एकीकृत जनक्रान्ति पक्षधर सिर्जना गर्नुपर्छ भन्ने सन्देश पनि दिएका छन्।

समकालीन मार्क्सवादी कविताको यस सङ्ग्रहमा अनुदित कविता, सहिदका कविता, विगतलाई वर्तमानसम्म जोडिरहेका केही अग्रज/स्थापित स्रष्टा र वर्तमानमा सिर्जनारत र नवोदित स्रष्टाहरूका सिर्जना समेटिएको छ। वर्तमानमा मार्क्सवादी धारामा धेरै स्रष्टा क्रियाशील रहे पनि यो सङ्ग्रह प्रतिनिधि समयका प्रतिनिधि स्रष्टाका प्रतिनिधि रचनाहरू बोकेर आएको छ। कयौँ स्रष्टाका सिर्जना यहाँ समेटन छुटेका छन्। यसमा जनयुद्ध सिर्जित नयाँ यथार्थ, मार्क्सवादी, समाजवादी यथार्थवादी धारामै कलम चलाइरहेका अग्रज स्रष्टाका रचना पनि समावेश गरिएको छ।

जनयुद्धकालीन कवि आरपी तिमिल्सिनाले जनयुद्धमा लामबद्ध दलित योद्धालाई फेरि एकीकृत जनक्रान्तिमा लामबद्ध गराएका छन् 'धनै अर्थात् विद्रोही' शीर्षकमा-

हाम्रै हसिताडले बनेका
सनातनी महलहरूमा
विद्रोहको मशाल झोस्न र
मेरै पौरखबाट बनेको
घन बजार्न कम्मर कसेको
म उही क्या!
रूप र चोला फेरेको
उहिले मलाई भकुर्ने साहूको घर
राता मान्छेसँगै 'सेबोटेज' गरेको
उहिलेको धनबिनाको धनै कामी
उही क्या! म धनै अर्थात् कमरेड विद्रोही!

यस सङ्ग्रहमा समेटिएका रचनाहरूले दलाल पुँजीवादलाई समाजवादको जामा लगाइदिएर देश र जनतालाई दोहन गरिरहेको वर्तमान फासिवादी सत्ता र सरकारको यथार्थ चित्रण गरेका छन्।

यो प्रतिबद्ध कविको रचनासङ्ग्रह हो। समकालीनता दलाल पुँजीवाद, निगम पुँजीवाद र उत्तरसाम्राज्यवादसँग श्रमिक वर्गले लडिरहेको एकीकृत जनक्रान्ति हो। जनयुद्धले निर्माण गरेको नयाँ यथार्थपछि विकसित एकीकृत जनक्रान्तिको सफल कार्यान्वयनले नै उत्पीडित श्रमिक/सर्वहारावर्गलाई मुक्ति दिनेछ र वैज्ञानिक समाजवाद-साम्यवादको चरणसम्म पुऱ्याउनेछ भन्ने भाव यस सङ्ग्रहमा सङ्गृहीत कविताले बोकेका छन्। यस सङ्ग्रहमा सङ्गृहीत कविताले त्यसै दिशातर्फ लामबद्ध हुन र एकीकृत जनक्रान्ति सफल पार्न ऊर्जा दिनेछन्।

यस सङ्ग्रहमा सङ्गृहीत 'जीवन लक्ष्य' शीर्षकको कार्ल मार्क्सको कवितामा देखिएको क्रान्तिकारी आशावाद यस्तो छ-

कठिनाइहरूदेखि रून्ने जीवन
मेरो लागि होइन
होइन मेरो आँधीजस्तो मनलाई
यो स्वीकार्य छैन।
मलाई त एउटा महान र उँचो लक्ष्य चाहिन्छ
त्यसको लागि आजीवन सङ्घर्षको अटुट
सिलसिला चाहिन्छ।

'त्यो एउटा आँधीमय वर्ष' शीर्षकको भ्लादिमिर इल्यिच लेनिनको कवितामा देखिएको क्रान्तिकारी आशावाद-

सबै एकजुट भएर खडा होऊ।
जितको फैसला तिम्रो कसिलो मजदुर मुट्ठीमा।
हिम्मतले छाती तान! नराम्रा यी दिन हटेर जानेछन्
एकजुट भएर तिमी मुक्तिका दुस्मनका विरुद्ध खडा होऊ!
वसन्त आउनेछ, आइरहेको छ, त्यो आइपुगेको छ।
हाम्रो बहुप्रतिक्षित अनौठो सुन्दर त्यो लाल मुक्ति
बढ्दै आइरहेछ हाम्रोतर्फ!

र 'चिङ्गकाङ्गसानमा फेरि चढ्दा' शीर्षकको माओ त्से तुङको कवितामा देखिएको क्रान्तिकारी आशावाद-

बादल छुने मेरो पुरानो चाहना थियो
र, म फेरि चढेँ चिङ्गकाङ्गसान।
हाम्रो पुरानो किल्ला हेर्न
आएको छु धेरै दूरबाट।
पुरानो दृश्यलाई फेरेछन् नयाँ परिवेशहरूले
जहाँतहीँ कोइली गाइरहेछन्, भँगेरा कराइरहेछन्
कलकलाइरहेछन् खोलानालाहरू,
र, बाटो पहाड हुँदै अकासिँदैछ,
एकपटक हुआयाङ्ची कटेपछि
छैन कतै अप्ठ्यारा चुनौतीहरू।

हुरी र बतास मच्चिरहेछ
जहाँ छन् मान्छेहरू
झन्डा र ब्यानरहरू फहरिरहेछन्।

कविताको सन्देश र महान् जनयुद्धमा बलिदान गर्ने सहिदका रचनाको क्रान्तिकारी आशावादमा समानता छ।

'जारी रहनेछ हाम्रो सङ्कल्पको यात्रा' शीर्षक कवितामा सहिद स्रष्टा कृष्ण सेन 'इच्छुक' लेख्छन्-

लामो अँध्यारो रातपछि
झलमलाउने उज्यालो प्रभातजस्तै
आजको कालो अँध्यारो चिरेर
हाम्रो आस्थाको साम्यवाद
एक न एक दिन जरुर झुल्कनेछ
हाम्रो निष्ठाको बीजबाट
एक न एक दिन जरुर
नयाँ जीवनको नवाङ्कुर फुट्नेछ
र एक न एक दिन जरुर
हाम्रो सुखद र ऐश्वर्यपूर्ण भविष्यको
सुन्दर सयपत्री फुल्नेछ।

त्यस्तै स्रष्टा सहिद अञ्जान विरहीको 'प्यारो बन्दुक र म' शीर्षक कविताले भन्छ-

युद्धभूमिमा यौटा सेना म
बन्दुकसँग रमाउँछु
क्रान्तिको मीठो सङ्गीत बज्ने
प्यारो बन्दुक
नयाँ लय, सुर, ताल जन्माउँछ
जब यो बजाउन थाल्छु
भय सारा हटेर जान्छ।

## सपनाहरूको ...

त्यस्तै 'बेलिसरा' शीर्षक कवितामा स्रष्टा सहिद चुनु गुरुङ भन्छिन्-

टुकी बालेर सिरानीमा राखेको कागजात
सुन्दर संसारको दस्ताबेज
मयलले कलेटी परेको पटुकीमा बेरेर
भाले नबास्दै
एक ठाउँबाट अर्को ठाउँ पुऱ्याउँछे
हरेक फाँटमा सरिक हुन्छे बेलिसरा
तिमीले पत्ता लगाउन सके, के गर्छौ बेलिसरालाई ?
थुप्रै अमानवीय यातना चखाउला
सर्वाङ्ग नाङ्गो पारेर चिथोरौला, परान हालौला
चोक्टाचोक्टा पारेर मासु चपाउला बेलिसराको
तिम्रो सर्च अभियानले के सजाय दिन सक्छ बेलिसरालाई ?
मृत्युसँग खेलिसकेकी छे बेलिसरा, ऊ डराउँदिन
तिमी डराउँछौ आफ्नै अभियानको हारसँग
घाँसभित्र बम बोकेर हिँड्छे बेलिसरा

वास्तवमै राजनीतिक प्रतिक्रान्ति र सत्ताको सामाजिक दलाल र फासिवादी कदमले वर्तमानमा बेलिसराहरूलाई फेरि बन्दुक र बम बोकेर हिँड्ने अवस्थामा पुऱ्याएको छ। सङ्ग्रहमा उल्लिखित 'हाम्रा गाउँबस्तीहरू' शीषकको सहिद शिव श्रेष्ठको कविताले होस् वा नवराज शाही 'छलाङ' र रक्तिमका कविताले उस्तै विचार र सन्देश प्रवाह गरेका छन्।

सङ्ग्रहमा अशोक सुवेदीको दिलमायाहरू ! निभा शाहको 'दैया', कुशल बोगटीको 'आस्थाको बिम्ब', भीम भारतीको 'त्यो वेणी कब्जा गरेको दिन', डा. शिवशङ्कर बस्यालको 'यात्रीहरू', नारायण नेपालको 'इन्काउन्टर चाहियो सरकार' करन दयालको 'सपना', आरोह नेपालीको 'नहाँसेका मनहरू', शोभा दुलालको 'ऊ गयो', अग्निराज पौडेल 'अराप' को 'सायद चिन्दैनौ होला कमरेड' शीर्षक कविताले सहिद, बेपत्ता योद्धाहरूको त्यागको स्मरण गर्दै विगतलाई भुल्ने दलाल र गद्दारहरूलाई दुत्कारेका छन्।

यसैगरी सङ्ग्रहमा उषाकिरण 'आजाद' को तिमीलाई छूट छैन, करन दयालको सपना, कुलदीप थापामगर 'अभिलाश' को फागुन एक, खेम थपलियाको सहिद र काठमान्डु, खोमा तरामु मगरको के तिमी सपना देख्छौ ?, जनक महतारा 'सङ्केत' को परिचय फेरिएको उपनाम, जमुना श्रेष्ठको सपना, झपेन्द्रराज वैद्यको न्यायको खोजी, ढुण्डीराज अधिकारीको ख्वामितका आँखा, दुर्गा शङ्करको देश, देवराज देउकीको क्रान्तिको झुल्केघाम, पवित्रा तिमिल्सिना 'सुशीला' को सनराइज पथमा अविचल सनराइज, पारस राहादी मगरको म ढुङ्गो हुँ, प्रकाशसिंह रानाको गरौँ सङ्घर्ष, प्रतिबद्धको राता मान्छेहरू, प्रतीक चन्दको महोदय !, प्रसिद्धा शर्माको डीभी र ग्रिनकार्डको रात्रीभोज, बिहानी मगरको तिम्रो शरीर ढल्दा, विष्णु अद्वितीयको म आतङ्ककारी, बीपी विद्रोहीको बेनी आक्रमण, भेषराज भुसालको कसले चिनेको छैन र ?, यमन बस्नेत 'गुञ्जन' को गरिखाने जनताको मुक्तियुद्ध यो, युवराज नास्तिकको किसानहरूको सरकार, रचना केसीको वीरहरूको देश, रसुवाली कविको पार्टी कार्यालय र दास क्यापिटल, रूपा बुढामगरको म हिँडेको बाटो, लम्जेल सङ्घर्षशीलको दुई तिहाइ, शान्ता भण्डारीको तिमी मेरो किताब, सीता विक 'सम्झना' को बिदाइको हात हल्लाएको क्षण, सुमनसिंह पौडेलको अन्तिम उत्सव, सुरेश सुवेदीको एक हूल मान्छे, खोमा तरामु मगरको 'के तिमी सपना देख्छौ ?', मुक्तान थेबाको 'आमा र आगो', हरिलाल महताराको हिरासत र हिमलाल पराजुलीको त्यसै कविता लेख्दिनँ म शीर्षकका कविता सङ्ग्रह गरिएको छ। सङ्ग्रहमा उदयबहादुर चलाउने 'दीपक', मोहलाल चन्द 'आधार', बन्धु चन्द, खुमा सुवेदी, रणबहादुर विकलगायत कतिपय स्रष्टाका कविता छुटेका छन्।

सङ्क्षेपमा, यो सङ्ग्रहले विगतका खराब विरासतलाई तोड्दै एउटा नयाँ युगको आह्वान गरिरहेको एकीकृत जनक्रान्ति, वैज्ञानिक समाजवाद र साम्यवाद स्थापनाका लागि ऊर्जा दिने क्षमता राख्ने आशा गरिएको छ। सम्पादक तथा प्रकाशक अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति धन्यवादको पात्र बनेको छ।

## आस्थाकै आधारमा ...

महासङ्घले कविको गिरफ्तारीप्रति गम्भीर चासो व्यक्त गर्नुका साथै स्रष्टा र संस्कृतिकर्मीको कलम र विचारबाट तर्सिएर केपी वली सरकारले धरपकड र दमन तीव्र पारेको भन्दै यस्ता हर्कत बन्द गर्न र कविलाई तत्काल रिहा गर्न माग गरेको छ।

यसैबीच केही दिनअघि पक्राउ गरिएका जनपत्रकार सङ्गठन नेपालका काठमाडौँ जिल्ला संयोजक जितेन्द्र महर्जनलाई ३ दिनभित्र सर्वोच्चमा पक्राउको कारणसहित उपस्थित गराउन सर्वोच्च अदालतले आदेश जारी गरेको छ। न्हुगु ज्वजोलोप्पा पत्रिकाका प्रधानसम्पादक रहेका महर्जनको रिहाइका लागि नेपाल पत्रकार महासङ्घका तर्फबाट केन्द्रीय सदस्य जन्मदेव जैसीले सर्वोच्च अदालतमा गत शुक्रबार बन्दी प्रत्यक्षीकरण रिट दायर गरेका थिए।

सर्वोच्च अदालतका न्यायाधीश पुरुषोत्तम भण्डारीको एकल इजलासले पक्राउ गर्नाको लिखित जबाफसहित बन्दीलाई उपस्थित गराउन सोमबार आदेश दिएको हो। नेवाः भाषाको उक्त पत्रिकाका प्रधानसम्पादक महर्जनको गिरफ्तारी गैरकानुनी र संविधानविरुद्ध भन्दै बिनासर्त रिहाइका लागि जैसीले रिट दायर गरेका थिए। गत चैत २६ गते दिउँसो पत्रिकाको कार्यालयमा समाचार सम्पादन गरिरहेका बेला अपहरण शैलीमा महर्जनलाई गिरफ्तार गरी एक दिन चरम यातना दिएर जिल्ला अदालतमा म्याद थप गरिएको थियो।

पत्रकार महर्जनको रिटउपर सोमबार वरिष्ठ अधिवक्ता एकराज भण्डारी, कपिलचन्द्र पोखेल, कान्ति ढुङ्गाना, चूडाबहादुर तिवारीलगायतले बहस गरेका थिए।

# अनुसन्धानका लागि भन्दै सुदर्शनलाई १५ दिनको म्याद थप

■ रातो खबर संवाददाता/काठमाडौँ

हाल ललितपुरको जाउलाखेल हिरासतमा राखिएका नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश वली 'सुदर्शन' लाई हिरासतमा राखेर अनुसन्धान गर्नका लागि १५ दिनको म्याद थप गरिएको छ। सोमबार ललितपुरको लगनखेलस्थित जिल्ला अदालतले सुदर्शनलाई १५ दिनको म्याद थप गरेको हो। यसअघि उनलाई दुईपटक म्याद थप भैसकेको छ। गत चैत ९ गते काभ्रेको खानीखोलाबाट काठमाडौँ आउँदै गरेको बेला नेता सुदर्शनलाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ गरेको भोलिपल्टै चैत १० गते प्रहरीले जिल्ला अदालत ललितपुरमा पेस गरेको थियो भने पहिलोपटक एक साताको म्याद थप गरिएको थियो। त्यसपछि चैत १९ गते १५ दिनको म्याद थप गरिएको थियो भने वैशाख २ गते सोमबार तेस्रोपटक म्याद थप गरिएको हो।

## चारमहिने शिशुसहित आमा गिरफ्तार

**कैलाली** : नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्तालाई सघाएको आरोपमा प्रहरीले कैलालीबाट चारमहिने शिशुसहित सीता देउकरलाई गिरफ्तार गरेको छ। नेकपाका कार्यकर्तालाई खाना खुवाएको र हिरासतमा रहेका उनका देवर रूपलाल देउकरबारे सामान्य सोधपुछ गर्ने भन्दै प्रहरीले सीतालाई कैलालीको गोदावरी नगरपालिका ५ स्थित घरबाट ४ महिनाको शिशुसहित पक्राउ गरेको हो। सीताको पारिवारिक स्रोतका अनुसार ४ महिने शिशु र आमा दुवैलाई हिरासतमा राखिएको छ।

## महिलानेत्री कुमाल गिरफ्तार

■ रातो खबर संवाददाता/गोरखा

अखिल नेपाल महिला सङ्घकी केन्द्रीय सदस्य तथा नेपाल कम्युनिस्ट पार्टीकी गोरखा जिल्ला सदस्य अञ्जु कुमाललाई प्रहरीले गिरफ्तार गरेको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले उनलाई गोरखा नगरपालिका ८, आयुर्वेदचोक नजिकैबाट पक्राउ गरेको हो।





**जनताको जलबिद्युत कार्यक्रम**

**रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड**
**Rasuwagadhi Hydropower Company Limited**
महाराजगंज, काठमाण्डौ, नेपाल, फोन न. ०१–४३७१७४४, ४३७१७९४, फ्याक्स नं. ०१–४३७१७२५
इमेलः rghpcl@gmail.com, वेभसाइटः www.rghpcl.com.np

**साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना**

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको प्रति शेयर रू.१००/- अंकित दरको जम्मा १,०२,६३,१५० कित्ता साधारण शेयरहरू मध्ये ४,१०,५२६ कित्ता शेयर कम्पनीका कर्मचारीहरूलाई छुट्याइएको र ५,१३,१५७ कित्ता शेयर सामूहिक लगानी कोषको लागि बाँडफाँड गरिएको र बाँकी ९३,३९,४६७ कित्ता साधारण शेयर **मिति २०७६ बैशाख ६ गतेदेखि** सर्वसाधारणहरूमा निष्कासन तथा बिक्री खुल्ला गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ५,०००**

**बिशेष अनुरोधः**
नेपाल सरकार जनताको जलबिद्युत कार्यक्रम अनुसार जनताको अधिकत्तम सहभागिताको लागि सि–आस्वा (C-ASBA) प्रणालीमा शेयर आवेदन गर्ने हालको व्यवस्था बमोजिम Dmat खाता र आफ्नो बैंक खाताको CRN नम्बर लिई शेयर आवेदनमा सहभागि हुन अनुरोध छ ।

**शेयर निष्कासन बन्द हुने मिति (छिटोमा) : २०७६ बैशाख १० गते (बैकिङ्ग समय पश्चात्) ।**
**शेयर निष्कासन बन्द हुने मिति (ढिलोमा) : २०७६ जेठ ५ गते (बैकिङ्ग समय पश्चात्) ।**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९६।९० | ९६।३० | ९७।२९ | ९७।८६ | १०३।५३ | ११२।७७ | १२५।१७ | १४०।२६ |
| प्रति शेयर आम्दानी (रु.) | (१।०५) | (०।९६) | (०।२४) | (०।११) | ५।६७ | १९।२४ | २२।४० | २५।०९ |
| संचित नाफा (नोक्सान) | (९४,३०५) | (१२७,०९३) | (१३९,२०६) | (१४६,४५८) | २४१,५११ | ८७३,८५३ | १,७२२,४६८ | २,७५४,६९५ |

**प्रति मेगावाट लागतः**
आयोजनाको प्रति मेगावाट लागत Interest During Construction (IDC) समेत रू.१५,१२,१२,२४१/- (पन्ध्र करोड बाह्र लाख बाह्र हजार दुई सय एकचालीस मात्र) रहेको छ ।

**विद्युत उत्पादन अनुमति पत्र :** वहाल रहने अवधि २१०४।०८।२० सम्म रहेको छ ।

**लगानी फिर्ता हुने अवधिः**
Normal Pay Back Period : **८.१२ वर्ष र** Discounted Pay Back Period : **१३.८६ वर्ष रहेको छ** ।

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**
कम्पनीको प्रकाशित विवरणपत्र अनुसार साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५/१०/०८ मा "ईक्रा एनपि आईपिओ ग्रेड ४+" प्रमाणपत्र प्राप्त गरेको छ । "ईक्रा एनपि आईपिओ ग्रेड ४+" ले औसत भन्दा कम (Below Average Fundamentals) आधारहरु जनाउँदछ ।

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाको हकमाः**
आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाका स्थानिय बासिन्दाहरूका लागि तोकिए बमोजिमको शेयर पछि निष्काशन तथा बिक्री वितरण गरिने भएकोले यस निष्काशनमा आवेदन दिएको अवस्थामा उक्त निष्काशनमा निजहरूको आवेदन स्वतः रद्द हुनेछ ।

**यस निष्कासन सम्वन्धी विस्तृत जानकारीको लागि मिति २०७५ चैत्र २६ गतेको "गोरखापत्र राष्ट्रिय दैनिक"मा प्रकाशित आव्हान–पत्र तथा तत् सम्वन्धी विस्तृत विवरण कम्पनी, धितोपत्र निष्काशन/सह–निष्काशन तथा बिक्री प्रवन्धकहरुको कार्यालयबाट र निजहरुको वेवसाइट तथा नेपाल धितोपत्र बोर्डको वेवसाइटबाट समेत प्राप्त गर्न सकिनेछ ।**

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः
Siddhartha Capital Limited – Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

सह–निष्काशन तथा बिक्री प्रवन्धकहरू :

NIBL ACE CAPITAL – Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४००५०८०, फ्याक्स नं.: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

Global IME Capital Limited – GROW WITH US
पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

सनराइज क्यापिटल लिमिटेड SUNRISE CAPITAL LTD. (सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ४४२८५५०, फ्याक्स नं. ४४२८६८८
(साविक एन.सि.एम. मर्चेन्ट बैंकिङ्ग लिमिटेड)
Email:info@sunrisecapital.com.npWebsite:www.sunrisecapital.com




**शुभकामना**
नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रो. याम बहादुर कुँवर
**वालिङ फूलबारी गेष्ट हाउस**
मित्रनगर, नयाँ बसपार्क, काठमाडौं

**शुभकामना**

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**रामेछाप नगरपालिका**
**वडा नं. ५, रामेछाप**


जनसमुदायको हितका लागि यस्तो बृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति खानेपानी तथा सरसफाइ मन्त्रालय र आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड क्षमायाचना गर्दै यस कार्यमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

| मिति | स्थान | छलफलका विषयहरू | सहभागीहरू |
|---|---|---|---|
| चैत्र २३, २०७४ | बल्खु | मेलम्ची आयोजनाका पाइपहरू बिछ्याउँदा काठमाण्डौ महा( नगरपालिका (कामपा) वडा नं १४ ले शुरू गरेका निर्माणकार्यहरूमा असर नपरोस् भनी सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| चैत्र २८, २०७४ | हाँडीगाउँ | कामपा वडा नम्बर ५ का वडाध्यक्ष र स्थानीयबासीहरूसँग समन्वय गरी मेलम्चीको डिआइ पाइप बिछ्याउने कार्य सुचारू गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ७, २०७५ | मैतीदेवी | खानेपानी आपूर्तिमा सुधार<br>खानेपानीको पाइप बिछयाइसकेपछि सडक पुनर्स्थापन | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ९, २०७५ | तपखेँ टोल, भक्तपुर | पाइपलाइन बिछ्याउने क्रममा बालीमा क्षति पुगेकोले त्यस वापत् क्षतिपूर्ति दिने<br>पाइप बिछयाउने क्रममा निजी जमीनको क्षति न्यूनीकरण गर्ने उद्देश्य लिइ आवश्यक उपायहरू अपनाउने | स्थानीय महिलाहरू, निर्देशनालयका पदाधिकारीहरू |
| जेठ २८, २०७५ | टोखा नगरपालिका | नगरपालिकाको वडा नं ९ मा पाइप बिग्रन गइ क्षति पुगेकोले क्षतिपूर्ति सम्बन्धमा छलफल<br>पाइपको मर्मत | निर्वाचित प्रतिनिधिहरू, निर्माण व्यवसायी र परामर्शदाताका प्रतिनिधिहरू |

काठमाण्डौ पानी

गुनासा र सुझावको लागि
आयोजना कार्यान्वयन निर्देशनालय
**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
अनामनगर, काठमाण्डौ
टोल-फ्रि नम्बरः ११३९, फोन नंः ४२२२९८६, ४२२४९८६ एक्स्टेन्सन १३१, फ्याक्सः ४२२४०५७
www.kuklpid.org.np


नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

"Access to All"
**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था






**शुभकामना**

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रो. दिपक शेरचन
**शेरचन स्टोर्स**
सिर्जनाचोक, पोखरा, कास्की


## पशु सेवा विभागको सूचना

पशुपन्छी एवम् पशुपन्छीजन्य पदार्थमा देश आत्मनिर्भर उन्मुख रहेको सहर्ष जानकारी गराउँदै यस्ता वस्तुहरु आयात गर्दा संक्रामक रोग समेत सर्न सक्ने जोखिम रहेको सन्दर्भमा आयात निर्यात गर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सोको नियमावली, २०५६ पालना गरी आयात निर्यात गर्न गराउन हुन सम्पूर्ण आयात र निर्यातकर्ता, व्यवसायी तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध गरिन्छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर
फोन नं ०१-५५४४७२७, वेभसाइटः www.dls.gov.np


**शुभकामना**

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

SUNRAJ WALL TILES
Bishwo Raj Shrestha
9856020922
9816199293
BIJEN SUPPLIERS
New Road, Pokhara, Nepal
Tel: 061-536122
E-mail: bijensuppliers@yahoo.com



नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरूमा सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कालिञ्चोक दर्शन लिमिटेड**
**KALINCHOWK DARSHAN LIMITED**





Pinglasthan-9, Gaushala, Kathmandu, Nepal
Ph. : 977-01-4113710 (Off.) 01-6632053(Res.)
E-mail : ashoksiwakoti2016@gmail.com
darshankalinchowk@gmail.com


निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं